# प्रथम परिच्छेद

# शोधपत्र परिचय

## १.१ शोधको शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक "**कपिलवस्तु जिल्लामा प्रचलित नेपाली उखानको अध्ययन**" रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रसतुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र अध्ययन सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह द्वितीय वर्षको दशौं पत्रको प्रयोजनार्थ तयार पारिएको हो ।

## १.३ विषय परिचय

नेपाली लोकसाहित्यका विभिन्न विधाहरूमध्ये 'उखान' पनि एक हो । नेपाली भाषामा प्रचलित '**उखान**' शब्द संस्कृत भाषाको 'उपाख्यान'बाट जन्मिएको हो ।[१] 'उपख्यान' शब्दले एक किसिमको कथाको परिचय दिन्छ भने 'उखान' एउटा न एउटा लोकअनुभवलाई बोक्ने तथा लोकविश्वासलाई सूत्रबद्ध रूपमा पोख्ने खिरिलो उद्‌गारको परिचय दिने हुँदा यी दुई बीच भिन्नता रहेको छ । उखानले लोक-जीवनका विभिन्न अनुभव, क्रियाकलाप, रीतिस्थिति, बानी-बेहोरा, चालचलन, विश्वास र दृष्टिकोण आदिका माझबाट मूल अर्थ बोकेको हुन्छ । यसरी लोक-जीवनबाट अनुभव गरी व्यक्त गरिएका 'उक्ति' वा 'कथन'लाई '**उखान**' भनिन्छ । अङ्ग्रेजी भाषामा 'प्रोभर्व' (Proverb), हिन्दीमा 'लोकोक्ति' वा 'कहावत' संस्कृतमा 'सुभाषित' भनिने उखानलाई नेपाली भाषामा 'लोकोक्ति', 'आहान' वा 'आन' भनेर पनि बुझिन्छ ।[२]

---

[१] कृष्णप्रसाद पराजुली, "नेपाली उखान र गाउँखाने कथा, पाँचौं संस्करण, काठमाडौं : रत्न पुस्तक भण्डार, वि.सं. २०६१, पृष्ठ २० ।
[२] ऐजन् ।

उखान मौलिक रचना भएको हुँदा यसले कुनै पनि ठाउँको सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक, भौगोलिक, शैक्षिक तथा वातावरणीय आदि पक्षको चिनारी गराउँदछ । यस शोधपत्रमा नेपालको पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत लुम्बिनी अञ्चलको एक तराई जिल्ला कपिलवस्तुमा प्रचलित नेपाली उखानहरूलाई अध्ययनको विषयवस्तु बनाइएको छ ।

उत्तरमा अर्घाखाँची, पूर्वमा रूपन्देही, पश्चिममा दाङ्ग जिल्लाहरू तथा दक्षिणमा भारतको उत्तरी सिमानाले कपिलवस्तुलाई छुट्याएको छ । विभिन्न क्षेत्रसँगको प्रत्यक्ष सम्पर्कले गर्दा र अन्य स्थानबाट बसाइँसरी आउने आप्रवासीको वृद्धिले यहाँको सामाजिक, सांस्कृतिक संरचनाभित्र समिश्रण पाइन्छ । यिनै विविधताअनुसार यस जिल्लामा प्रचलित नेपाली उखानहरूमा पनि पृथकता पाइन्छ ।

कपिलवस्तु जिल्लामा नेपाली भाषाबाहेक थारू, अबधी, हिन्दी आदि भाषाहरू पनि बोलिन्छन् । यहाँका आदिवासी र आप्रवासीहरू दुबैले नेपाली उखानको छुट्टाछुट्टै ढङ्गमा पनि प्रयोग गर्दछन् । ती सम्पूर्ण उखानहरूको सङ्कलन गरी तिनको अध्ययन विश्लेषण गर्ने प्रयास यस शोधकार्यमा गरिएको छ । यसरी नेपाली उखान विधाको माध्यमबाट कपिलवस्तु जिल्लालाई चिनाउने प्रस्तुत शोधपत्रको विषयवस्तु नेपाली लोकसाहित्यको एक नौलो आयाम हो ।

## १.४ समस्याकथन

पौराणिक, ऐतिहासिक तथा धार्मिक दृष्टिले धनी कपिलवस्तु जिल्लामा विभिन्न खालका लोकसाहित्यसँग सम्बन्धित विधाहरू छन् । ती विभिन्न विधाहरूको अध्ययन नभएको अवस्थामा उखान विधाको मात्र अध्ययन र विश्लेषण गर्नु प्रस्तुत शोधपत्रको मूलभूत समस्या हो भने यस किसिमका समस्याहरूलाई बुँदागत रूपमा निम्नानुसार राख्न सकिन्छः

१) कपिलवस्तु जिल्लामा के-कस्ता उखानहरू प्रचलित छन् ?

२) यस जिल्लाका उखानहरू के-कति आधारमा वर्गीकरण गर्न सकिन्छ ?

३) यहाँका उखानहरूले के-कस्ता विशेषताहरू बोकेका छन् ?

उल्लेखित समस्याहरूको लोकसाहित्यिक सिद्धान्तमा आबद्ध भई समाधान गर्ने प्रयास यस शोधपत्रमा गरिएको छ ।

## १.५ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

क) कपिलवस्तु जिल्लाका गाउँ/सहरमा प्रचलित तर जन-जिब्रोमा मात्र सीमित रहेका उखानहरूको सङ्कलन गर्ने,

ख) यस जिल्लाका नेपाली उखानहरूको वर्गीकरण र विश्लेषण गर्ने,

ग) कपिलवस्तु जिल्लामा प्रचलित उखानहरूले त्यहाँको जन-जीवनमा पारेको प्रभाव र उखानका विशेषताहरू पहिचान गर्ने,

## १.६ पूर्वकार्यको समीक्षा

नेपाली लोक-जीवनमा विभिन्न किसिमका विधाहरू अटेका छन् तापनि नेपाली भाषा र साहित्यको वैज्ञानिक ढङ्गले व्यापक रूपमा अध्ययन अनुसन्धान हुन भने सकेको छैन । कतिपय जिल्लाहरूमा गरिएका खोज अनुसन्धानले मौलिक नेपाली लोकसाहित्यलाई चिनाउन मद्दत पुगेको छ । कपिलवस्तु जिल्लाको सन्दर्भमा भने लोकसाहित्यसँग सम्बन्धित अध्ययन हुन नसक्दा यहाँका मौलिक कुराहरू सिङ्गो नेपाली साहित्यको फाँटमा देखापर्न सकेका छैनन् ।

नेपाली साहित्यका सुप्रसिद्ध व्यक्तित्व भवानी भिक्षुको जन्मस्थान, कपिलवस्तुमा कतिपय नवोदित साहित्यकारहरू लाटो साथी, हरिराज शर्मा, नित्यानन्द पाण्डे, दधिराम सापकोटा, बासुदेव जमरकट्टेल, दयाप्रसाद घिमिरे आदि सिर्जनाको क्षेत्रमा रहेका छन् तापनि यहाँको लोकसाहित्यलाई पहिचान गर्ने शोध, अनुसन्धान हुन सकेको थिएन ।

नेपाली लोकसाहित्यसँग सम्बन्धित विविध विधाहरूमाथि अन्य कतिपय क्षेत्रहरूमा भने अध्ययन अनुसन्धान भइसकेका छन् । नेपाली उखानको अध्ययनको क्रममा पनि विभिन्न सङ्कलनकर्ता तथा अध्येताहरूले गरेका केही कार्यहरूको कालक्रमिक विवरण यसप्रकार छन् :

- राममणि आचार्य दीक्षितको "उखान सङ्ग्रह, २०२७" ले गरेको उखानहरूको सङ्कलनमा लुम्बिनी अञ्चलको पाल्पा जिल्ला अन्तर्गतका उखानहरू पनि समावेश भएको पाइन्छ ।
- कालिभक्त पन्तको "हाम्रो सांस्कृतिक इतिहास, २०४३" ले नेपाली भाषा र अन्य भाषाबाट आएका उखानहरूको चर्चा गरेको पाइन्छ ।
- पुष्कर शमशेरको "उखान-टुक्का कोश, २०५०" साझा प्रकाशन काठमाडौंले नेपाली उखानलाई वर्णानुक्रममा मिलाएर राख्ने काम गरे ।
- नेपाली लोकसाहित्यका अध्येता कृष्णप्रसाद पराजुलीले नेपाली उखानको अध्ययन केही विस्तृतरूपमा र वैज्ञानिक ढङ्गले गरेका छन् । "नेपाली उखान र गाउँखाने कथा २०५४, रत्नपुस्तक भण्डार"बाट उखानको सैद्धान्तिक परिचय र परिभाषा दिनेकाम गरेका छन् ।

उल्लेखित व्यक्तित्वहरूले गरेको अध्ययनले नेपाली उखानको मात्र नभएर सिङ्गो लोकसाहित्यकै उत्थान भएको छ । यसैगरी नेपाली उखान टुक्काको अध्ययनको क्रममा लुम्बिनी अञ्चलभित्र पनि विभिन्न अध्ययनहरू भएका छन् । यस अञ्चलभित्रका अध्ययनकर्ताहरू र तिनका विषयवस्तुलाई पनि यहाँ निम्न अनुसार राखिएको छ :

- टीकाराम पन्थीले पाल्पालीहरूको तडक्-भडक्लाई देखेर गुल्मी, अर्घाखाँचीतिरका मानिसले "पाल्पाली ठसक, ऋणले भसक" भन्ने उक्ति निकाले । "उखानका जराहरू, हाम्रो पुरुषार्थ (गुल्मी, तम्घासः वर्ष ७, अङ्क १, २०३६)"[३]
- शिवप्रसाद पौडेलले समग्र लुम्बिनी अञ्चललाई समेट्ने गरी "लुम्बिनी अञ्चलमा प्रचलित उखानहरू एक अध्ययन" (स्नातकोत्तर शोधपत्र, त्रि.वि., ने.के.वि., कीर्तिपुर २०५१, पृ. ५) मा यस अञ्चलका ६ वटा जिल्लाहरूको अध्ययनमध्ये गुल्मी, अर्घाखाँची र पाल्पा तीन पहाडी जिल्लाहरूका बेग्लै विशेषताहरू छन् भने पनि कपिलवस्तुमा प्रचलित उखानको बारेमा खासै चर्चा

---

[३] रेमबहुदुर खत्री, 'गुल्मी जिल्लामा प्रचलित उखानको सङ्कलन, वर्गीकरण र विश्लेषण', अ.प्र. शोधपत्र, त्रि.वि., ने.के.वि., कीर्तिपुर (वि.सं.२०५६, पृ. ३,४) ।

गरेको पाइँदैन ।[४]

- विष्णुहरि ज्ञवालीले "नेपाली साहित्यमा गुल्मी जिल्लाको योगदान (स्नातकोत्तर शोधपत्र, त्रि.वि., ने.के.वि., कीर्तिपुर (२०५१, पृ. २३) मा गुल्मी जिल्लाका उखानहरूको उपदेशात्मकता, दृष्टान्त, उपमाप्रधान, तथा हास्यव्यङ्ग्यपूर्ण र नीतिपूर्ण उखानको बहुल प्रयोग भएको सुनिन्छ" भनी चर्चा गरेका छन् ।[५]

यी बाहेक लुम्बिनी अञ्चलकै सेरोफेरोमा रहेर गरिएको उखानको सङ्कलन, वर्गीकरण र विश्लेषण गरी शोधपत्र लेख्नेहरूमा निम्न व्यक्तिहरू पर्दछन् :

- रेमबहादुर खत्री- "गुल्मी जिल्लामा प्रचलित उखानहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण २०५६", यसमा उक्त जिल्लामा प्रचलित उखानहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण गरिएको छ ।
- हुमकला पाण्डे- "अर्घाखाँची जिल्लामा प्रचलित नेपाली भाषाका उखानहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण"ले यस विधाको खोजीमा थप सहयोग पुऱ्याएको छ ।

माथि चर्चा गरिएका सम्पूर्ण कार्यहरू नेपाली लोकसाहित्यको उखान विधालाई सहयोग पुऱ्याउने गरी भएका छन् । यति हुँदाहुँदै पनि कपिलवस्तु जिल्लामा केन्द्रित रहेर यसभन्दा पहिले अध्ययन भएको थिएन । लुम्बिनी अञ्चलभित्रै पनि कपिलवस्तु जिल्लाको छुट्टै पहिचान दिने उखानहरूको खोजी र अध्ययन गर्ने यो शोधकार्य नै पहिलो प्रयास हो ।

## १.७ शोधकार्यको औचित्य

कपिलवस्तु जिल्लाभित्र प्रचलित नेपाली उखानहरूलाई सङ्कलन गरी व्यवस्थित रूपमा अध्ययन-विश्लेषणद्वारा तयार पारिएको हुँदा यस शोधपत्रले नेपाली लोकसाहित्यसँग सरोकार राख्ने सबैलाई सहयोग पुऱ्याउन सक्छ । स्थानीय लोकसाहित्य

---

[४] शिवप्रसाद पौड्याल, लुम्बिनी अञ्चलमा प्रचलित उखानहरू एक अध्ययन (अ.प्र. शोधपत्र, त्रि.वि., ने.के.वि., कीर्तिपुर (वि.सं २०५१), पृ. ५५ ।

[५] रेमबहुदुर खत्री, पूर्ववत्, पृ. ३-४ ।

प्रेमीका लागि रोचक बन्नु स्वभाविक नै हो । त्यसबाहेक अन्य क्षेत्रका व्यक्तित्त्वहरूलाई पनि यहाँको जाति, धर्म, संस्कृति, पेसा, वर्ग, सम्प्रदाय, भौगोलिक स्थिति आदि विविध पक्षको जानकारी प्रदान गर्न सक्नाले यसको औचित्य देखिन्छ । भौगोलिक दूरताको कारण जिल्लाभित्रकै व्यक्ति पनि एक ठाउँबाट अर्को ठाउँमा जान नसक्ने हुँदा यो शोधपत्रले यहाँको साहित्यिक गतिविधिमा चासो राख्ने सबैलाई सहयोग पुऱ्याउन सक्छ । समग्रमा कपिलवस्तु जिल्लाभित्र वा बाहिर बस्ने लोकसाहित्यप्रेमी सबैलाई उखानको माध्यमबाट यस जिल्लाको परिचय दिने र साहित्यको उत्थानमा टेवा पुऱ्याउने हुनाले प्रस्तुत शोधपत्र आफैमा औचित्यपूर्ण छ ।

## १.८ शोधपत्रको सीमाङ्कन

प्रस्तुत शोधपत्र पश्चिमाञ्चल विकासक्षेत्रको लुम्बिनी अञ्चलमा पर्ने कपिलवस्तु जिल्लाको भौगोलिक सीमाभित्र रहेर तयार पारिएको छ । यस शोधपत्रमा मानक नेपाली भाषामा चलेका र नचलेका पनि तर कपिलवस्तु जिल्लामा प्रचलित उखानहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण गरिएको छ । कपिलवस्तु जिल्ला बहुभाषिक संरचनामा रहेको छ । यहाँ थारू, अवधि, हिन्दी आदि मातृभाषाका रूपमा बोल्नेहरूको पनि लोकसंस्कृति छ । यद्यपि यस जिल्लाभन्दा बाहिरको क्षेत्र तथा नेपालीबाहेक अन्य भाषामा प्रचलित उखानहरूलाई समेट्न नसक्नु प्रस्तुत शोधपत्रको सीमा रहेको छ ।

## १.९ शोधविधि

लोकसाहित्यिक विधाहरूमध्ये कपिलवस्तु जिल्लामा प्रचलित नेपाली उखानहरूको अध्ययन गरिने प्रस्तुत शोधपत्र तयार पार्न मूलतः क्षेत्रीय अध्ययन पद्धति र अंशतः पुस्तकालयीय अध्ययन पद्धतिलाई आत्मसात गरिएको छ ।

उखानहरूको सङ्कलन गर्नु एक जटिल समस्या भएकोले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा उखान सङ्कलन गर्नु परेको थियो । प्रत्यक्ष ढङ्गबाट सङ्कलन गर्दा यस जिल्लाका विभिन्न क्षेत्रहरूमा उखान सङ्कलन फाराम वितरण गरी अध्ययन सहायकहरूद्वारा र आफै पनि जम्मा गरिएको थियो । यसैगरी डायरीको माध्यमबाट

विभिन्न विषय प्रसङ्गमा आउने उखानहरू सङ्कलन गरियो । समाजका केही अनुभवी, बूढापाका व्यक्तिहरूसँग सोधपुछ छलफल गरेर समेत उखान सङ्कलन गरियो । अप्रत्यक्ष रूपमा विभिन्न पुस्तक तथा जिल्लाभित्र र बाहिरबाट प्रकाशित हुने पत्रिकाहरूको अध्ययन गरी उखानको सङ्कलन, वर्गीकरण र विश्लेषण गर्ने आधार प्राप्त गरिएको हो ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित एवम् सुगठित पार्नको लागि पाँचवटा परिच्छेदहरू निर्धारण गरी आवश्यकता अनुसार शीर्षक र उपशीर्षकहरूमा विभाजन गरिएको छ ।

प्रथम परिच्छेद : शोध-परिचय

द्वितीय परिच्छेद : कपिलवस्तु जिल्लाको सङ्क्षिप्त परिचय

तृतीय परिच्छेद : नेपाली उखानको सैद्धान्तिक परिचय र कपिलवस्तु जिल्लामा प्रचलित उखानहरू

चतुर्थ परिच्छेद : कपिलवस्तु जिल्लामा प्रचलित उखानहरूको वर्गीकरण र विश्लेषण

पञ्चम परिच्छेद : उपसंहार (मूल्याङ्कन र निष्कर्ष)

अन्तमा कपिलवस्तु जिल्लामा प्रचलित अन्य उखानहरूको वर्णानुक्रमको विवरण र सन्दर्भग्रन्थसूचीलाई समेत प्रस्तुत गरिएको छ ।

# द्वितीय परिच्छेद

# कपिलवस्तु जिल्लाको सङ्क्षिप्त परिचय

प्रस्तुत शोधपत्रको विषयसँग सम्बद्ध जिल्ला कपिलवस्तु भएकाले यस परिच्छेदमा विभिन्न पक्षमा रहेर यस जिल्लालाई चिनाउने जमर्को गरिएको छ ।

## २.१ नामकरण

पौराणिक र ऐतिहासिक दृष्टिकोणले महत्त्वपूर्ण मानिने यस जिल्लाको नामकरण पनि सोही आधारमा रहेको छ । '**कपिल महर्षि**'को तपोभूमि भएकाले यस जिल्लाको नाम 'कपिलवस्तु' रहन गएको हो । शाक्यवंशले राज्य गर्दै आएको यस जिल्लामा राजा शुद्धोधनले वर्तमान 'कपिलवस्तु नगरपालिका' लाई आफ्नो राजधानी बनाएका थिए । सोही स्थानमा गोठालाले पत्ता लगाएको शीलास्तम्भलाई ताम्रेश्वर महादेवको ज्योतिर्लिङ्गका रूपमा पुजिँदै आउँदा ताम्रेश्वरबाट तौलेश्वर नामकरण गरी 'तौलिहवा' नाम रहन गएको स्थान नै यस जिल्लाको सदरमुकाम हो ।[६]

## २.२ ऐतिहासिक तथा पुरातात्त्विक पृष्ठभूमि

'कपिल महर्षि'को तपोभूमि तथा शाक्यवंशीय परम्परासँग जोडिएको ऐतिहासिक पृष्ठभूमिले यस जिल्लालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशमा चिनाएको छ । यस जिल्लामा रहेका विभिन्न पुरातात्त्विक स्थलहरूले जिल्लाको ऐतिहासिक झलक दिन्छन् भने वर्तमान अवस्थामा पनि यहाँको महिमा बढाएका छन् । यस्ता पुरातात्त्विक स्थलहरूमा खासगरी तिलौराकोट, कुदान, गोटिहवा, सगरहवा, निग्लिहवा, डेरवा, सारकूप, सिसहनिया आदि पर्दछन् ।

## २.३ भौगोलिक परिचय

नेपालको पश्चिमाञ्चल विकासक्षेत्र, लुम्बिनी अञ्चलअन्तर्गतका ६ वटा

[६] शान्तिदूत (पृ. १०२), २०६२, वर्ष ८, अङ्क ६, कर्मचारी मिलन केन्द्र, कपिलवस्तु ।

जिल्लाहरूमध्ये एक तराई जिल्ला कपिलवस्तु हो । पूर्वमा रूपन्देही, उत्तरमा अर्घाखाँची, पश्चिममा दाङ र केही भारत-उत्तर प्रदेश अनि दक्षिणमा भारत उत्तर-प्रदेशको सिमाना पर्ने यस जिल्लाको कूल क्षेत्रफल १७३८ वर्ग कि.मि. रहेको छ । यसको भौगोलिक स्थिति २७°२५" देखि २७°८४" उत्तर-आक्षांश र ८२°५७" देखि ८३°१४" पूर्व-देशान्तरमा रहेको छ ।[७]

समथर घरातलीय स्वरूप रहेको यस जिल्लामा उष्ण जलवायु पाइन्छ । यहाँ अधिकतम औसत तापक्रम ३७.७६° सेल्सियस र न्यूनतम औसत तापक्रम ६.४०° सेल्सियस रहेको पाइन्छ । तराई जिल्ला भएकाले सामान्यतः गर्मी धेरै र जाडो कम हुन्छ ।[८]

यस जिल्लाको उत्तरी क्षेत्रमा चारकोसे झाडी पर्दछ । साथै अन्य विभिन्न ठाउँमा संरक्षित वनजङ्गल पनि पाइने हुँदा जम्मा ७०८६५ हेक्टर जमिन जङ्गलले ओगटेको छ ।

प्राकृतिक मनोरम स्थलहरू भएको यस जिल्लामा विभिन्न नदीनाला र तालतलैयाहरू रहेका छन् । मुख्य नदीहरूमा वाणगङ्गा, अर्रा, अंगिया, कोइली, सुराई, चिराई, गुडरुवा, जमुवार आदि पर्दछन् । यसैगरी यहाँका मुख्य ताल तलैयाहरूमा जगदीशपुर ताल, सगरहवा ताल, विजुवा ताल, कोपवा ताल, बुड्डी ताल, हरिहरपुर ताल, कर्मा ताल, घोघरहवा ताल, पुरैनी ताल आदि पर्दछन् ।

## २.४ प्रशासनिक विभाजन

नेपालको राजनैतिक विभाजनअनुसार पश्चिमाञ्चल विकास क्षेत्रको लुम्बिनी अञ्चलअन्तर्गत पर्ने एक तराई जिल्ला कपिलवस्तु हो । यस जिल्लाको सदरमुकाम तौलिहवा हो । संसदीय निर्वाचन क्षेत्रको आधारमा यसलाई चार क्षेत्रमा विभाजन गरिएको छ । यहाँको एउटा मात्र नगरपालिका 'कपिलवस्तु नगरपालिका' हो भने अन्य ७७ वटा गा.वि.स.हरू रहेका छन् । यस जिल्लालाई १५ वटा इलाकाहरूमा समेत विभाजन गरिएको छ ।

---

[७] पृ. २, शान्तिदूत, पूर्ववत्, पृ. १०२ ।

[८] ऐजन् ।

## २.५ सांस्कृतिक अवस्था

कपिलवस्तु जिल्लामा सांस्कृतिक विविधता रहेको छ । यस जिल्लामा अन्यत्रबाट बसाइँ-सराइँ गरी आउनेहरूको संख्या बढ्दै गएको छ । यसरी विभिन्न परिवेशबाट आउनेहरूको सांस्कृतिक पृष्ठभूमि पनि फरक-फरक हुने भएकाले यहाँ सांस्कृतिक विविधता रहँदै आएको छ । यहाँका मुख्य सांस्कृतिक स्थलहरूमा समयमाई, तौलेश्वरनाथ महादेव, शिवगढी, रामघाट, लक्ष्मणघाट आदि पर्दछन् । चाडपर्वहरूमा फागुपूर्णिमा, रामनवमी, शिवरात्री, चैते दशैं, तीज, दशैं, तिहार, मकर संक्रान्ति, गुडिया (नाग पञ्चमी), मोहर्रम, इद, बकरिद आदि महत्त्वपूर्ण मानिन्छन् । यहाँ लाग्ने प्रमुख मेलाहरूमा रामघाट मेला, रामलीला मेला, थारू पर्व, शिवगढी, शिवरात्री मेला आदि पर्दछन् ।[९]

आन्तरिक आप्रवासीहरूको बाहुल्यता रहेकाले यहाँका विभिन्न समुदायले आफ्नै संस्कृति, चाल-चलन, रीतिस्थिति, धर्म तथा भाषाको प्रयोग गर्दछन् । मुख्यतः हिन्दु, मस्लिम, बौद्ध, शिख, इसाई धर्मावलम्बीहरू छन् । जातजातिहरूमा ब्राम्हण, क्षेत्री, चौधरी, गुप्ता, कान्दु, बाँनिया, मुसलमान, अग्रहरी, कसौधन, वर्मा, जयसवाल, यादव, अहिर, श्रीवास्तव, कुर्मी, नेवार, मगर, बारी, तेली, मुराउ, नाउ, पत्थरकट्टा, धरिकार, कहार, गडरिया, चमार, पोसी, कोरी, हेला, दर्जी, लोनिया, तमाल आदि पर्दछन् ।[१०]

## २.६ पेसा

नेपालकै कृषि उत्पादनमा अगाडि रहेको कपिलवस्तु जिल्लामा अधिकांश व्यक्तिहरूले यही पेसालाई अपनाएका छन् । यहाँका मुख्य बालीहरूः धान, गहुँ, मकै पर्दछन् भने अन्य बालीहरूमा उखु, केरा, तरकारी, दालजन्य र तेलहन खेती पनि गर्ने गरिन्छ । कृषि पेसाबाहेक व्यापार, उद्योग, नोकरी र मजदुरी गरी जीवनयापन गर्नेहरू पनि छन् । यस जिल्लाका मुख्य व्यापारिक क्षेत्रहरूमा तौलिहवा, कृष्णनगर, चन्द्रौटा, जयनगर, जितपुर आदि पर्दछन् ।

---

[९] ............., **विद्यार्थी आवाज** (कपिलवस्तु : ने.वि.संघ जिल्ला कार्य समिति, वर्ष १, अङ्क १, वि.सं. २०६१) , पृ. ६८ ।

[१०] ऐजन् ।

## २.७ शैक्षिक अवस्था

शैक्षिक दृष्टिकोणमा कपिलवस्तु जिल्ला धेरैपछाडि परेको छ । यस जिल्लाको कूल साक्षरता प्रतिशत ४१.५ रहेको छ । जिल्लामा जम्मा २९६ वटा सरकारी विद्यालयहरू छन् भने ७ वटा उच्चमाध्यमिक विद्यालय र २ वटा मात्र क्याम्पसहरू छन् । खासगरी जिल्लाको उत्तरी क्षेत्रमा पर्ने पूर्वपश्चिम (महेन्द्र) राजमार्गको सरोफेरो र कपिलवस्तु नगरपालिकाभित्र विद्यालय संख्या बढी छ । अन्य दक्षिण-पश्चिमी क्षेत्रमा शैक्षिक सुधार भइसकेको छैन ।[११]

## २.८ अन्य

सामान्यतया कपिलवस्तु पिछडिएको जिल्ला हो । यहाँको शैक्षिक, आर्थिक अवस्थाको कमजोरीले तराई जिल्ला भएर पनि अन्य जिल्लाको तुलनामा यो जिल्ला केही पछि परेको मानिन्छ । यद्यापि सञ्चार, यातायातका सुविधाहरू बढ्दै गइरहेका छन् । सञ्चारको क्षेत्रमा हुलाक, नेपाल टेलिकम सेवा, यातयातको लागि कालोपत्रे, ग्राभेल (खण्डस्मिथ), कच्ची तीनै प्रकारका सडकहरू प्रयोगमा आएका छन् । यहाँबाट काठमाडौं, पोखरा, बुटवल, भैरहवा, नेपालगञ्ज, दाङ, अर्घाखाँची, पाल्पा, विराटनगर, काँकडभिट्टा आदि ठाउँको लागि बससेवा उपलब्ध छ । यस जिल्लाका साढे तीनसय जति बस्तीहरूमा विद्युत सेवा उपलब्ध भइसकेको छ ।[१२]

## २.९ निष्कर्ष

'कपिल महर्षि' को तपोभूमि तथा राजा 'सुद्धोधन' को राज्य कपिलवस्तु ऐतिहासिक र पुरातात्विक दृष्टिले निकै महत्त्वपूर्ण छ । नेपालको पश्चिमाञ्चल विकास क्षेत्रको लुम्बिनी अञ्चलमा पर्ने यस जिल्लामा विभिन्न धर्म, जाति, भाषा र सम्प्रदायका व्यक्तिहरू बसोबास गर्दछन् । यिनै विविधताले गर्दा यहाँको लोकसाहित्य पनि सम्पन्न छ । चार निर्वाचन क्षेत्र र पन्ध्र इलाकामा विभाजित कपिलवस्तुमा एक नगरपालिका र

[११] पूर्ववत्, शान्तिदूत, (वि.सं. २०६२) पृ. २ ।

[१२] ऐजन् ।

हतहत्तर गा.वि.स.हरू रहेका छन् । यहाँका अधिकांश व्यक्तिहरू कृषि पेसामा आवद्ध छन् तापनि पशुपालन, व्यापार, नोकरी गर्नेहरू पनि बढ्दै गएका छन् । जिल्लाको उत्तरी भागमा पर्ने पूर्व पश्चिम राजमार्ग आसपासका क्षेत्रमा शैक्षिक अवस्था सुधारोन्मुख भए पनि सबै ठाउँहरूको स्थिति हेर्दा कपिलवस्तु शैक्षिक दृष्टिमा पिछडिएको छ । यहाँ यातयात, सञ्चार, विद्युतजस्ता क्षेत्रको विस्तार हुँदै गएको छ । यस-पूर्व कपिलवस्तुमा लोकसाहित्यसँग सम्बन्धित खोज अनुसन्धान भने भएको पाइँदैन ।

# तृतीय परिच्छेद

# नेपाली उखानको सैद्धान्तिक परिचय र कपिलवस्तु जिल्लामा विशेष प्रचलित उखानहरू

## ३.१ नेपाली उखानको सैद्धान्तिक परिचय

नेपाली लोकसाहित्यका विभिन्न विधाहरूमध्ये उखान पनि एक हो । उखानहरू लिखित सङ्ग्रहका रूपमा भन्दा पनि मौखिक रूपले जनजिब्रोमै प्रशस्त प्रयोग हुन्छन् । नेपाली भाषामा ‘उखान’ शब्दलाई चिनाउन लोकोक्ति, आहान, आन, कहावत भन्ने गरिन्छ ।[१३]

लोक जीवनमा विभिन्न किसिमका क्रियाकलाप, रीतिस्थिति, बाँनीवेहोरा, चालचलन, विश्वास, दृष्टिकोण, अर्तिउपदेश आदि रहेका हुन्छन् । समाज भित्रका यिनै विविध पक्षहरूको माफबाट मूलतः अभिधेय् अर्थ व्यक्त गर्ने काम उखानले गरेका हुन्छन् । यसरी उखान लोक-जीवनबाट सिर्जित, विकसित र पूर्ण हुन्छन् । उखान सबैजसो भाषामा प्रयोग गरिन्छ । उखानलाई संस्कृतमा सुभाषित र लोकोक्ति अंग्रेजीमा प्रोभर्व, उर्द्धमा जर्वुल मिस्ल, हिन्दीमा लोकोक्ति वा कहावत आदि भन्ने गरिन्छ । नेपाली भाषामा लोकोक्ति भनेर चिनिने उखानको अर्थलाई लोक वा जनसाधारणको साभा भनाइ भन्ने बुझिन्छ ।[१४]

नेपाली साहित्यमा उखानहरूको प्रचुर प्रयोग हुने गर्दछ । नेपाली भाषाका विभिन्न भाषिकाहरूमा समेत उखानहरू पाइन्छन् । उखानको सिर्जना कुनै लेखक वा रचनाकारले एक्लै गर्न सक्दैन । समाजका विभिन्न व्यक्तिहरूले आफ्नो दैनिक अनुभवद्वारा जुन निचोड निकाल्दछन् ती कुराहरू सबैको लागि प्रिय हुन्छन् । सरल, सङ्क्षिप्त र रोचक हुनाले साधारण व्यक्तिले पनि सजिलै प्रयोग गर्न सक्दछन् र उखान सबैको जिब्रोमा झुण्डिन थाल्दछ । कुनै पनि कुरालाई छोटो, मीठो र रागात्मक पाराले

---

[१३] कृष्ण प्रसाद पराजुली, **नेपाली उखान र गाउँखाने कथा**, पाँचौ संस्करण, (काठमाडौं : रत्न पुस्तक भण्डार, २०६१), पृ. २० ।
[१४] ऐजन् ।

व्यक्त गर्नुपर्दा उखानलाई प्रयोगमा ल्याइन्छ । नेपाली गाउँ समाजमा बूढापाका तथा स्थानीय प्रबुद्ध व्यक्तिहरूले धेरै कुरा छोटो समयमै बताउन सक्ने माध्यम उखानलाई ठान्दछन् ।

'खुर्सानीबिना भान्सा अड्किन्न' भनेझैँ उखान नभएर कुनै पनि व्यक्तिको अभिव्यक्तिमै असर पर्ने त होइन तर कुराको गाँठी भेट्याउन, सजिलैसँग पाठक/श्रोतालाई आशय बताउन उखानको प्रयोग हुने गर्दछ । त्यसैले नेपाली लोकसाहित्यको एक छुट्टै विधाका रूपमा उखानलाई लिने गरिन्छ । समाजका जुनसुकै जाति, वर्ग, सम्प्रदायले पनि उखानको प्रयोग गर्ने हुँदा यसले साझा अभिव्यक्तिको काम गर्दछ । लेख्यरूपमा समेत प्रयोग हुने उखान खासगरी मौखिक अभिव्यक्तिमा प्रयोग हुने गर्दछन् । उखानको प्रयोगमा गति, यति र लयको समेत व्यवस्था हुन्छ र उपयुक्त शब्दविन्यास र तुकबन्दीको आवश्यकता पर्दछ ।

## ३.१.१ उखानको परिभाषा

उखान विधा विभिन्न भाषामा प्रयोग हुँदै आएको छ । उखानको प्रचलन मानव भाषाको प्रयोगसँगै हुन थालेको अनुमान गरिन्छ तापनि यसको अध्ययन र अनुसन्धान गर्ने कार्य धेरैपछि आएर मात्र भएको हो । उखानलाई परिभाषित गर्ने विभिन्न विद्वान्हरूका भनाइहरूलाई निम्नानुसार राखिएको छः

क) तत्वज्ञानका खण्डहरूबाट चुनेर निकालिएको टुक्रा अनि जोगाइएको अंश उखान हो ।[१५] - अरस्तु

ख) उखान व्यवहारिक जीवनमा मार्गदर्शक उक्ति हो ।[१६] - फिस्ते

ग) उखानमा एकको सुझमा अनेकको बौद्धिक चातुर्य सन्निहित हुन्छ ।[१७] - रसेल

घ) उखान मानवी ज्ञानका घनीभूत रत्न हुन् जसमा बुद्धि र अनुभवका किरणद्वारा

---

[१५] कृष्णप्रसाद पराजुली, पृ.२२, पूर्ववत् ।

[१६] ऐजन ।

[१७] ऐजन ।

फुट्ने ज्योति प्राप्त हुन्छ ।[१८] - वासुदेव शरण अग्रवाल

ङ) उखानमा मानवी ज्ञान र अनुभव अ-आफ्नै सहज तथा घनीभूतरूपमा विद्यमान रहन्छन् ।[१९] - कुन्दनलाल उप्रेती

च) उखान लोकअनुभवका बुद्धि-वैभवका सुन्दर अभिव्यक्ति हुन् ।[२०] - सरोजनी रोहतगी

उखान विधालाई नेपाली भाषा र साहित्यका विद्वानहरूले पनि परिभाषित गरेका छन् । नेपाली विद्वानहरूका मुख्य-मुख्य परिभाषाहरू निम्नानुसार छन् :-

क) उखान भाषाको ज्यान हो, जातिका अनुभवको सार हो ।[२१] - पारसमणि प्रधान

ख) स्थानान्तरणले गर्दा उखानको रूप फरक पर्न जान्छ अथवा एक ठाउँमा खुब प्रचलित भएको उखान वा वाक्यांश अर्को ठाउँमा सुनिँदै नसुनिन पनि सक्छ ।[२२] - पुष्कर शमशेर

ग) जब हामी उखान सुनिरहेका हुन्छौँ, हामीलाई लाग्छ मानौं हाम्रा पूर्वजहरूले आफ्ना सन्तानहरूले बाटो बिराउलान् र कर्तव्य नचिन्लान् भनी दिव्यभाषामा आकाशवाणी सुनाइरहेका छन् ।[२३] - बालकृष्ण पोखरेल

घ) उखान भनेको पदलालित्यले हिस्सी परेको, लाक्षणिक भावपूर्ण भएको एक लोकोक्ति हो । ...... एक किसिमले उखान भनेकै एक हृदयकोश हो, जसको प्रयोग ठाउँ र बेला हेरी हुन्छ ।[२४] -सत्यमोहन जोशी

ङ) उपमा, उदाहरण, व्यङ्ग्य र दृष्टान्तका रूपमा प्रयोग हुन आउने लोकोक्तिलाई 'उखान' भनिन्छ ।[२५] - प्रदिप रिमाल

---

[१८] ऐजन ।

[१९] ऐजन ।

[२०] ऐजन ।

[२१] कृष्ण प्रसाद पराजुली, पूर्ववत्, पृ. २२ ।

[२२] ऐजन ।

[२३] ऐजन ।

[२४] ऐजन ।

[२५] ऐजन ।

च)	वाक्यस्तरको संरचना हुने त्यस सूत्रात्मक उक्ति वा कथनलाई उखान भनिन्छ जसको अर्थ त्यसका उत्ससँग सम्बद्ध हुन्छ ।[२६] - मोहनराज शर्मा

छ)	लोकव्यवहारमा अनुभवका चुड्किला र गहकिला उक्ति, सामाजिक नीति-निर्देशन, शिक्षा, दृष्टान्त, उपमा आदिका रूपमा सूत्रबद्ध भएर प्रयोग हुने लोकअनुभवबाट सिर्जित यस्ता उक्ति वा कथन नै उखान हुन् ।[२७] - कृष्णप्रसाद पराजुली

उल्लेखित विभिन्न परिभाषाले उखान लोकअनुभवको साझा अभिव्यक्ति ठानेको पाइन्छ । जो समाजको सिङ्गो अनुभवबाट सिर्जना भई परिष्कृत र रूपान्तरित हुँदै जान्छ । उखानको परिचय केलाउने क्रममा सुकुम शर्माको विचार पनि यस्तो छ- “सामान्यतया वाक्यस्तरीय संरचनामा आउने उखान भाषिक समुदायमा पुस्तेनी खारिँदै आएको समाज, जाति वा लोक जीवनको अनुभवसिद्ध ज्ञानको उद्गार वा सारगर्भित भनाइ हो । यो सरल र जीवन्त लोकप्रिय अभिव्यक्ति हो ।”[२८]

उल्लेखित पाश्चात्य, भारतीय तथा नेपाली विद्वान्हरूका परिभाषाले वर्तमान उखान संरचनाको यथार्थ रूप देखाउने प्रयास गरेका छन् । पुराना अनुभवबाट नयाँ गोरेटो मार्ग निर्देशन गर्ने महत्त्वपूर्ण विधाको रूपमा उखानलाई स्वीकारेका छन् । समग्रमा भन्नु पर्दा उखान लामो अनुभवमा जन्मिएर लोकजीवन खारिएको, सानो, सरल, आफैमा पूर्ण र गहकिलो अभिव्यक्ति हो ।

## ३.१.२ उखानको उत्पत्ति र विकास

उखान लोकसाहित्यको एउटा महत्त्वपूर्ण पाटो हो । लोकजीवनमा सिर्जना हुने उखानको तिथि, मिति पत्ता लगाउन गाह्रो पर्दछ । जब मानिसले भाषाको प्रयोग गरी विचार आदान प्रदान गर्ने, सामाजिक व्यवहारहरू सञ्चालन गर्ने गर्न थाले त्यसपछि क्रमशः उखानहरू पनि प्रयोग हुन थाले । उखानहरू समयअनुसार परिवर्तन हुँदै जान्छन् । कुनै पनि क्षेत्रमा प्रयोग गरिने उखानहरू त्यहाँको सामाजिक, आर्थिक,

---

[२६] ऐजन ।

[२७] कृष्णप्रसाद पराजुली, **नेपाली उखान र गाउँखाने कथा**, तेस्रो संस्करण, (काठमाडौं : रत्न पुस्तक भण्डार, वि.सं. २०५४), पृ. २० ।

[२८] सुकुम शर्मा, **आँधीखोला क्षेत्रमा प्रचलित उखानको अध्ययन,** (निरन्तर प्रकाशन, काठमाडौं, वि.सं. २०६२), पृ. १३० ।

शैक्षिक, धार्मिक, राजनैतिक आदि विभिन्न पक्षसँग सम्बन्धित हुन्छन् । उखानको सिर्जना कुनै लेखकको कलमबाट नभएर अनुभवी व्यक्तिको रोचक अभिव्यक्तिबाट हुने गर्दछ ।

नेपाली उखानहरूको उत्पत्तिमा जननी भाषा संस्कृतको ठूलो भूमिका रहेको छ । कतिपय उखानहरू संस्कृत भाषाबाट रूपान्तरित भएर आएका छन् भने कुनै कुनै त हुबहु उस्तै रूपमा पनि प्रयोग हुने गर्दछन् । रामायण, महाभारतका जीवनसापेक्ष कथा प्रसङ्गहरू पनि नेपाली उखानका स्रोत हुन् । कालिदास, भारवि, माघ, ऋहर्ष आदि कविहरूले भाषा सशक्त बनाउन यस्ता सुभाषितहरूको प्रशस्त प्रयोग गरे र तिनको प्रयोग क्रमशः प्राकृत, पाली हुँदै नेपाली भाषासम्म पनि आइपुग्यो । जति भाषाको विकास हुँदै गयो त्यति नै उखानको भण्डार पनि बढ्दै जाने हुँदा नेपाली भाषाको विकाससँगै उखानहरू पनि बढ्दै गए । पछि आएर नेपाली भाषामा प्रशस्त उखानहरू प्रचलनमा आउन थाले । नेपाली भाषा अन्तर्गत जति भाषिका र उपभाषिकाहरू बढ्दै गए त्यति नै उखानहरू पनि फरक-फरक प्रवृत्तिका निर्माण भए । वर्तमान समयमा नेपाली भाषा अन्तर्गतका विभिन्न भाषिकाहरूमा पनि उखानहरू प्रयोग भएका छन् । नेपाली उखानको उत्पत्तिका निम्न तीन आधारहरू छन् :

### ३.१.२.१ सांस्कृतिक/सामाजिक परिवेश

प्रत्येक समाजका आ-आफ्नै सांस्कृतिक र सामाजिक रीतिस्थिति, चालचलन, मूल्यमान्यता, दिनप्रतिदिनमा क्रियाकलापहरू हुन्छन् । यिनै कुराहरूले समाजलाई छुट्टै अस्तित्त्वमा राखेका हुन्छन् । समाजका व्यक्तिहरूले यिनै पक्षहरूसँग सम्बन्धित आफ्ना व्यवहार र अनुभव व्यक्त गर्दछन् र तिनैभित्रका गहकिला कुराहरू नै उखानको रूपमा परिचित हुन्छन् । नेपाली जीवनशैलीका विवाह, ब्रतबन्ध, चाडपर्व, धर्म-संस्कृति, लवाइ-खवाइ, विश्वास, प्राकृतिक परिवेश आदि जन्मदेखि मृत्युसम्मका सांस्कृतिक र सामाजिक परिवेशबाट उखानहरू उब्जिन्छन् र विकसित हुन्छन् अनि उचित प्रसङ्गमा प्रयोग हुन्छन् । जस्तैः 'अघिपछि अन्त चैतमा जन्त' भन्ने उखान चैतमा विवाह गर्न हुँदैन भन्ने हाम्रो चलनलाई लिएर समयमै काम गर्न नजान्ने व्यक्तिलाई व्यङ्ग्य प्रहार गर्नमा प्रयोग भएको छ ।

### ३.१.२.२ ऐतिहासिक घटना विशेष

ऐतिहासिक रूपले कुनै महत्त्वपूर्ण घटना, व्यक्ति वा कामको स्मरण गरी व्यक्त हुने उखानहरू यसमा पर्दछन् । यस किसिमका उखानहरू पहिलेको जस्तो घटना वा व्यक्ति फेरि अर्को कुनै आएमा सांकेतिक ढङ्गमा प्रयोग हुन्छन् । नेपालको इतिहासमा अत्यन्त हठी शासक भनिने जङ्गबहादुरलाई लिएर बोलिने उखानको एक उदाहरण यस प्रकार छ - 'जङ्गे बोल्यो कि डोल्यो' ।

### ३.१.२.३ विशिष्ट किसिमका उक्तिहरू

समाजका विद्वान, साहित्यकार तथा अनुभवी व्यक्तिहरूका विशेष भनाईहरू लोकजीवनमा उपयोगी हुन्छन् र तिनै भनाइहरूलाई प्रयोग गर्दै जाँदा सूत्रात्मक शैलीमा व्यक्त गर्न थालिन्छ । यसरी उपयोगी भनाईहरूलाई छोटो, सरल र गठिलो पाराले व्यक्त गर्दै जाँदा केही परिवर्तन पनि हुन सक्दछन् वा जस्तोको त्यस्तै पनि रहन सक्छन् । विस्तारै ती भनाईहरू लोकप्रचलित हुन्छन् । जस्तैः 'मौकामा हीरा फोर्नु, वेमौकामा बोल्दै नबोल्नु' भन्ने उखान समाजका अनुभवी व्यक्तिले आफूभन्दा सानो/नजान्नेलाई दिएको अर्ती उपदेशका रूपमा प्रयोग गर्दै जाँदा सिर्जना भयो ।

उल्लेखित आधारमा सिर्जना भएका उखानहरूले समाजको भाषिक नियम अनुसार परिवर्तन हुँदै जाँदा पूर्णता प्राप्त गर्दछन् ।

### ३.१.३ उखानको रूप र संरचना

उखानको रूप वा संरचना भन्नाले यसको बाहिरी रूप वा बनावटलाई जनाउँछ । उखानको उत्पत्ति र विकास जनसाधारणमा हुने भएकाले पहिले नै यसको रूपहेरी निर्माण गरिँदैन । आफ्नो समुदायका उखानहरूको स्वतन्त्र प्रयोग समाजका शिक्षित, अशिक्षित, धनी-गरीव सबै जात-जाति, वर्ग-सम्प्रदाय, बालक-वृद्धहरूले गर्ने हुँदा उखानको रूप फरक-फरक हुन्छ । तर जुनसुकै उखान पनि कसिलो, छरितो र सूत्रात्मक हुन्छ । मुख्यतः उखान गद्यात्मक संरचना हो यद्यपि सूत्रात्मक, लयात्मक झङ्कार, संगीतमय ध्वनि, शब्दविन्यासमा तुकबन्दी समेत यसमा पाउन सकिन्छ ।

यसैगरी कुनै उखानहरूमा अनुप्रास समेत भेटिन्छ ।

उखानको वाह्य स्वरूप प्रायः एउटा वाक्यस्तरको हुन्छ । कुनै उखानहरू लामा र कुनै एक वाक्यांश आकारका पनि हुन्छन् । कुनैमा कर्ता, कर्म र क्रियाको मेल कुनैमा हुन्छ भने कुनैमा एकै पदवर्गको पुनरावृत्ति पनि हुने गर्दछ । जस्तैः रातो राम्रो, गुलियो मिठो । यसरी विशेषणको मात्र प्रयोग भएको उखानमा पनि प्रत्येक शब्दले महत्त्वपूर्ण स्थान ओघटेका छन् ।

उखानहरू निकै छोटा पनि हुन्छन् भने कुनै दुई/तीन वाक्यसम्मका लामा हुन्छन् । छोटो आकार भएका उखानले पनि एउटा वाक्य, अनुच्छेदमा बताउनु पर्ने कुरालाई एक झलकमै बुझाउँछन् । 'कलि आजको भोलि', 'मुखले ठिक्क पेटले दिक्क', 'पुस फास फुस' जस्ता साना आकारका उखानहरू पनि ठूलो अर्थ बोकेर व्यक्त हुन्छन् । कुनै उखानको संरचना लामो आकारको हुन्छ । 'एक माना ढुहुनी, कुँडे चुहुनी, केटाकेटी छु रुनी, कति हो हुनी ?' जस्ता लामो आकारका उखानहरूमा पनि भनाइलाई घुमाइ-फिराइ छिटो/छरितो ढङ्गमा व्यक्त गरिन्छ ।

उखानहरू अनुप्रास मिलेका र नमिलेका दुबै प्रयोग हुन्छन् । जस्तैः 'जुँगा चल्यो, कुरा बुझ्यो' भन्ने उखानमा अनुप्रास मिलाइएको छ भने 'भ्यागुताको धार्ने नपुग्ने' भन्ने उखानमा अनुप्रास मिलेको छैन । यसैगरी उखानहरू कुनै प्रश्नात्मक हुन्छन् भने कुनै प्रश्नोत्तर शैलीका हुन्छन् । 'तासको के आस ?' जस्ता उखानमा प्रश्नमा जोड दिइएको हुन्छ भने 'के खोज्छस् काना ? आँखो ।' जस्ता उखानमा प्रश्न उत्तर दुबैको संयोजन गरिएको हुन्छ ।

उल्लेखित संरचनाबाहेक पनि उखानलाई विभिन्न आधारमा हेर्न सकिन्छ । उपमा मूलक, गीतात्मक, अर्थचमत्कारयुक्त आदिको आधारमा पनि उखानको रूप र संरचनामा विविधता पाइन्छ । निष्कर्षमाः उखान लोकसाहित्यको छोटो, आलङ्कारिक, चमत्कारपूर्ण, शिल्पगत मधुरता भएको विधा हो ।

### ३.१.४ उखान र लोकसाहित्यका अन्य विधाको तुलना

नेपाली लोकसाहित्यको क्षेत्र निकैठूलो छ । लोकसाहित्यभित्र विभिन्न विधाहरू पर्दछन् । लोकगीत, लोकगाथा, गाउँखाने कथा, उखान-टुक्का आदि विभिन्न विधाहरू यसमा समेटिएका हुन्छन् । लोकसाहित्यका विधाहरू भएकाले यी सबैमा कतिपय साझा विशेषताहरू देखिन्छन् भने केही विधागत निजी विशेषताहरू पनि हुन्छन् । यिनै विशेषताहरूको आधारमा नेपाली लोकसाहित्यका प्रमुख विधाहरूसँग उखानले सामान्य तुलना गरिएको छ ।

#### ३.१.४.१ उखान र लोकगीत

यी दुबै लोकसाहित्यका महत्त्वपूर्ण विधाहरू हुन् । यी दुबैका समानताहरूमा उत्पत्ति लोकजीवनमा हुनु, प्रयोग, परिष्कार र परिमार्जन लोकले/जनसाधारणले आफै गर्नु सामुहिक रूपमा प्रयोग हुनु आदि रहेका छन् । यी दुईको बीचमा थुप्रै भिन्नताहरू पनि रहेका छन् । लोकगीत राम्रो गला भएको व्यक्तिले मात्र गाउन सक्छ भने उखान जुनसुकै वक्ताले प्रयोग गर्न सक्दछ । लोकगीत लयात्मक अभिव्यक्ति हो । त्यसैले यसको महत्त्व गाउनुमा रहन्छ भने उखान गद्य र श्रव्य विधा भएकाले यसको महत्त्व भाषिक प्रयोगमा छ । उखानको प्रयोग प्रसङ्गवश हुन्छ र स्रोताको उपस्थिति अनिवार्य हुन्छ भने लोकगीत जहाँ पनि, जहिले पनि र स्रोताविना पनि गाउन सकिन्छ । यसरी भाषिक अभिव्यक्तिमा चमत्कार ल्याउने रत्न उखान हो भने लोकजीवनका सुख-दुःखको गेयात्मक अभिव्यक्ति लोकगीत हो ।

#### ३.१.४.२ उखान र लोकगाथा

यी दुबै लोकजीवनका तितामिठा अनुभव/घटनाहरूलाई अभिव्यक्त गर्ने लोकप्रिय विधा हुन् । जनसाधारणमा प्रयोग हुनु र परिमार्जन हुनु यिनको साझा विशेषता हो । यति हुँदाहुँदै पनि यिनका बीच केही भिन्नताहरू छन् । उखान कुनै घटना वा अनुभवको सूत्रात्मक रूप हो भने गाथा घटना अनुभव वा व्यक्ति विशेषको विस्तृत वर्णन हो । उखानको प्रयोग जुनसुकै व्यक्तिबाट हुन सक्छ भने गाथाको

प्रयोगमा विशेष क्षमता भएको व्यक्ति चाहिन्छ । थोरै समयमा पनि धेरै उखान प्रयोग गर्न सकिन्छ भने गाथा गाउँदा एउटा गाथाले पनि निकै लामो समय लिन्छ । उखान जुनसुकै समयमा पनि प्रसङ्ग अनुसार प्रयोग गरिन्छ तर गाथा विशेष अवसर पारेर गाइन्छ ।

### ३.१.४.३ उखान र लोककथा

लोकसाहित्यका श्रव्य विधा हुनु, नैतिक शिक्षा/उपदेश दिनु, संस्कृति, इतिहास, चालचलन र लोकविश्वास तथा जनचाहनाको अभिव्यक्ति दिनु आदि यी दुईमा पाइने समानता हुन् । लोककथा विस्तृत/व्यापक हुन्छ भने उखान सङ्क्षिप्त हुन्छ । उखानमा यथार्थपरक कुराहरू अभिव्यक्त हुन्छन् भने लोककथामा अविश्वसनीय घटनाहरूको पनि बढाइ-चढाइ वर्णन हुन्छ । उखानमा अनुभवको सारगर्भित, सङ्क्षिप्त र सूत्रात्मक अभिव्यक्ति हुन्छ भने लोककथामा विस्तृत, व्यापक र मनोरञ्जनात्मक अभिव्यक्ति हुन्छ । लोककथाभित्र पनि कैयौं उखानहरू अट्न र उपयुक्त ढङ्गले प्रयोग भई कथालाई प्रभावकारी बनाउन सक्दछन् ।

### ३.१.४.४ उखान र लोकनाटक

यी दुबै लोकसाहित्यका विधा हुन् । दुबैमा सामाजिक, सांस्कृतिक रीतिरिवाज, चालचलन आदिको अभिव्यक्ति हुन्छ । यी दुई विधाहरूका बीच समानताभन्दा असमानताहरू धेरै छन् । उखान मूलतः श्रव्य विधा हो भने लोकनाटक अभिनेयात्मक दृश्यविधा हो । उखानको प्रयोग एकपटकमा एउटा व्यक्तिले मात्र गर्दछ भने लोकनाटकको प्रयोग गर्दा धेरै व्यक्तिको सहभागिता रहन्छ । उखान जुनसुकै समय र ठाउँमा आवश्यक परेको बेला भ्वाट्ट प्रयोग गर्न सकिन्छ भने लोकनाटक विशेष चाडपर्वमा पूर्वतयारी गरेर, निश्चित समय र स्थानमा मात्र देखाउन सकिन्छ । उखानको प्रयोग गर्दा वक्ता र श्रोताको आवश्यकता पर्दछ भने लोकनाटकको प्रयोग गर्दा नाट्यकर्ता र दर्शकहरूको आवश्यकता पर्दछ ।

### ३.१.४.५ उखान र गाउँखाने कथा

यी दुबै विधाहरू धेरै मिल्दाजुल्दा छन् । दुबै लोकसाहित्य अन्तर्गत पर्ने लोकोक्तिका रूप हुन् । सूत्रात्मक हुनु, जीवनका विविध पक्षहरूको खिरिलो अभिव्यक्ति दिनु, सारगर्भित हुनु यी दुबै विधाका साझा विशेषता हुन् । यिनीहरूका बीच केही भिन्नताहरू पनि छन् । मनोरञ्जन प्रदान गर्नु, बौद्धिक परीक्षण गर्नु, बौद्धिक क्षमता बढाउनु गाउँखाने कथाको मुख्य उद्देश्य हो भने भनाइलाई सारगर्भित र आकर्षक बनाउने तथा भाषालाई जीवन्त पार्ने उद्देश्य उखानको हो । गाउँखाने कथा मूलतः अन्यार्थप्रधान हुन्छ भने उखानमा अभिधा, लक्षणा र व्यञ्जना तीनै प्रकारको अर्थ पाइन्छ । उखानको महत्त्व प्रयोगमा छ भने गाउँखाने कथाको महत्त्व वक्ता र श्रोताका बीचको प्रश्नोत्तरमा छ ।

### ३.१.४.६ उखान र टुक्कामा अन्तर

लोकसाहित्यका अन्य विधाहरूभन्दा टुक्कासँग उखानको घनिष्ट सम्बन्ध छ । मोटामोटी हेराइमा यी दुबै विधा एकै जस्तो लाग्ने भएकाले 'उखान-टुक्का' लाई एकै ठाउँमा प्रयोग गर्दै आएको पाइन्छ । नजिकको सम्बन्ध हुँदाहुँदै पनि यिनीहरूका बीच केही असमानताहरू छन् ।

उखान र टुक्काबीचको सम्बन्धलाई हेर्दा सङ्क्षिप्त हुनु, सूत्रात्मक हुनु र दुबैको प्रयोग कथ्य तथा लेख्य भाषामा गरिनुमा देखिन्छ । यी दुबैले भाषालाई जीवन्त बनाउँछन्, रोचक बनाउँछन् र प्रभावकारी ढङ्गले भनाइलाई व्यक्त गर्दछन् । दुबै सार्वकालिक, सार्वजनिक र सर्वग्राह्य रूपमा प्रिय छन् । दुबैले प्रायः अभिधाभन्दा अन्यार्थ नै बुझाएका हुन्छन् ।

यी समानताहरू भएपनि उखान र टुक्काका बीच प्रशस्त भिन्नताहरू पाइन्छन् । तिनलाई निम्नानुसार राख्न सकिन्छ :

- उखान स्वयममा पूर्ण वाक्य सरह हुन्छ तर टुक्का वाक्यांशमात्र ।
- उखानमा आख्यानात्मक तत्वको समावेश हुन्छ भने टुक्कामा यसको अभाव

हुन्छ ।

- तुलनात्मक रूपमा उखान वृहत्ताकार र टुक्का सङ्क्षिप्त हुन्छन् ।
- उखानलाई सामान्यतया व्याकरणात्मक कोटी अनुरूप बदल्न सकिँदैन तर टुक्कालाई व्याकरणीक नियम अनुसार बदल्न सकिन्छ ।
- उखान गद्य र पद्य दुबै रूपमा हुन्छन् भने टुक्काको गद्यात्मक रूपमात्र हुन्छ ।
- उखान मुख्यतः व्यञ्जनार्थ हुन्छन् भने टुक्का मुख्यतः लक्ष्यार्थप्रधान हुन्छन् ।

यिनै भिन्नताहरूको कारणले आज उखान र टुक्का लोकसाहित्यका अलग-अलग विधा भएका छन् ।

## ३.२ कपिलवस्तुमा प्रचलित विशिष्ट उखानहरू

नेपाली भाषामा प्रयोग भएका कपिलवस्तु जिल्लाभित्र विशेष प्रचलित उखानहरूलाई यहाँ वर्णानुक्रम अनुसार राखिएको छ । कपिलवस्तुमा प्रयोग भएका तथा मानक नेपाली भाषामा प्रयुक्त उखानहरूको वर्णानुक्रमिक विवरण परिशिष्ट भागमा दिइएको छ ।

कपिलवस्तुमा विशेष प्रचलित नेपाली उखानहरू

अ

१) अक्कर नपरी सर्पले टोक्दैन

२) अकबरे ससुरा, बकवरे पोइ, बाँदर्नी सासू कसो गरम् खोई ।

३) अर्काको गहना लगाई नाक कान दुखाई

४) अर्काको नाँसो, गलाको पासो

५) अर्काको बाछो चाटी मुखभरि रौं

६) अगुल्टाले हाँनेको भालु विजुलीदेखि चम्किन्छ ।

७) अघिमेरा सुदिनमा दही खा भन्दा खाइन, अहिले मेरो कुदिनले महीको पानी पाइन ।

८) अघिपछि अन्त, चैतमा जन्त

९) अचानोको पीर, खुकुरीले जान्दैन

१०) अजिङ्गरको आहारा दैवले पुऱ्याउँछ

११) अड्को पड्को तेलको धुप

१२) अति गरे खती हुन्छ

१३) अदुवा खाई सभाबस्नु, मूला खाइ वन पस्नु

१४) अदुवाको पात र सुठाको पातमा के फरक ?

१५) अधोगति अधै मति

१६) अन्जान बालक देवता बराबर

१७) अन्धा देशमा कानो राजा

१८) अन्न पानीको देही, चाहिने त्यही

१९) अनिकालमा बिऊ जोगाउनु, हुलचालमा जिउ जोगाउनु

२०) अभागीलाई खाने बेला रिस उठ्छ

२१) अभागी हग्न बस्यो, बाह्र हातको ठेसो पस्यो ।

२२) अरिङ्गालका गोलामा ढुङ्गाले हान्नु

२३) अरूला अरूको रन्को घर ज्वाइँलाई खानको रन्को ।

२४) अरूले घोडा चढे भनेर आफू कुकुर चढ्न हुन्न ।

२५) अरूले अरूलाई जिस्क्याउँछन्, लाटालाटीले बाबुआमालाई जिस्क्याउँछन्

२६) अल्छी तिघ्रो, स्वादे जिब्रो

२७) अल्छीले नजानेको जोइसीले जान्दैन

२८) अलिनो पनि खान्न, ढिको पनि फोर्दिन

२९) अल्ल मल्ल गोत्र, आमा एक बाउ सत्र

३०) अशुद्धिका पोइ, मेरा कानका सुन खोइ ?

३१) असारको ढिकी फालिएको फालियै

३२)  असारमा रोपे पो मंसिरमा फल्छ ।

३३)  अह्राउनीको पराउनी, पराउनीको हराउनी

आ

३४)  आईमाईको घर, भर र घर हुँदैन

३५)  आइमाईको मन बुझ्नै सकिन्न

३६)  आउँछ ता बाउको जान्छ ता साहूको

३७)  आए आँप गए, झँटारो

३८)  आकाशको फल, आँखातरी मर

३९)  आगो ताप्नु मुढाको, कुरा सुन्नु बूढाको

४०)  आटा न पीठाका कुरा

४१)  आँटी छोरीलाई बाघले खान्न

४२)  आदेश पाम ता कनिका बुकाम

४३)  आफ्नो आङ्को भैसी नदेख्ने, अरूको आङ्को जुम्रा देख्ने

४४)  आफ्नो मनको वह कसैलाई नकह

४५)  आफ्नो जस्तो आर्को हुन्न खास्टो जस्तो बर्को हुन्न

४६)  आफ्नै हात जगन्नाथ

४७)  आफू नमरी स्वर्ग देखिन्न

४८)  आफ्नो मानु खानु रोइ रोइ खानु

४९)  आफ्नो टाउको फुटे पछि मीतको टाउको बेलै सरी

५०)  आफूले पालेको कुकुरले आफैलाई टोक्छ

५१)  आफ्नो आङ् कनाइ आफैलाई छारा

५२)  आफ्नो थिएन, अर्कोले दिएन

५३)  आफै त महादेव उत्ताना परे, कसलाई देलान् वर

५४)  आफै सुडेनी आफै बोक्सिनी

५५)  आमाछोरीको ऐंचोपैंचो, बाबुछोराको लेनदेन

५६)  आयो दशैँ ढोल बजाइ, गयो दशैँ ऋण बोकाई

५७)  आलु खाएर पेडाको धाक

इ

५८)  इन्द्रका अगाडि स्वर्गको वयान्

५९)  इनार बेचे पनि पानी बेचेको होइन

६०)  इमानीको पो इमान समाउने, बेइमानीको के समाउने

६१)  इलमीका भागमा माछा र मासु, अल्छीका गालामा आँसु

ई

६२)  ईख नभएको छोरा, विख (विष) नभएको सर्प

६३)  ईश्वर दाहिना भए कसैको केही चल्दैन

उ

६४)  उक्लेका गोरूको फुक्लेको सिङ

६५)  उखु खारी चिनी, दूध खारी नौनी

६६)  उठेर बोले हावाले उडाउँछ, बसेर बोले कसैले सुन्दैन

६७)  उत्ताउली गाई, बाघले खाई

६८)  उधारो दियो, शत्रु कमायो

६९)  उपति न पापती तीन फेर तरे रापती

७०)  उपियाँभरि फड्केर गए, जुम्राको कच्रघान

७१)  उम्रदै तीन पात

७२)  उम्लेपछि पोखिन्छ, दगुरेपछि लोटिन्छ

७३)  उल्टे खुकुरी पल्टे धार, पल्टे खुकुरी उल्टे धार

७४) उसैत जोगी, भाङ् खाएको

७५) उहिलेका कुरा खुइले

ऊ

७६) ऊन् र सुन सधै चोखो

ऋ

७७) ऋण लागोस् तर दीन नलागोस

७८) एउटा थाप्लामा, दुईटा नाम्ला

७९) एउटै ओछ्यानमा सुतेपछि गोडा लाग्छ

८०) एककान, दुईकान, मैदान

८१) एकको एक्साइस भएस् (खेतीपाती)

८२) एकघर मूल्याहाले सयघर पिर्छ।

८३) एकचोटी सबैले दिन्छ, पटकपटक कसैले दिन्न

८४) एक चोटीको चोर सधैको चोर

८५) एक दिनको पाहुना मीठो मीठो खा, दुई दिनको पाहुना जसोतसो खा, तीन दिनको पाहुना जतासुकै जा

८६) एक थुकी सुकी, हजार थुकी नदी

८७) एक चोटीलाई देउताले पनि माफ दिन्छन्

८८) एक छाक मकै एक छाक भोकै

८९) एक पटक न एक पटक रुखको बाँदर पनि झुक्किन्छ।

९०) एक पट्टिबाट रोटी पाक्दैन

९१) एक पन्थ दुई काज

९२) एक पैसाको पाडो, सय पैसाको राडो

९३) एक माना खाइ त पाखातिरलाई

९४) एक पैसाको लिनदिन कुरा गर्छ तीन दिन

९५) एक पैसाको सुपारी, दुईपैसाको पान,

९६) तेरा बाउले माछो मार्‍यो, पुच्छर समाई तान ।

९७) एकहाते मान्छेको बाह्र हाते नाक

९८) एक हातले मात्र ताली बज्दैन

९९) एक हातले दिनु अर्को हातले लिनु (व्यापार/लेनदेन)

१००) एकातिर काटेको ढुङ्ग्रो, दुईतिरै काँटेको पुङ्वाङ

१०१) एकातिरको खटिरो, अर्कातिरको ओक्तो

ऐ

१०२) ऐँजेरु लागेको रुख, रिन लागेको घर

१०३) ऐँजेरु बलुन न छोरीले पालुन

१०४) ऐरो हाले पैरो झर्छ ।

ओ

१०५) ओठ भए दाँत राम्रो, दाँत भए ओठ राम्रो

१०६) ओरालो लागेको मृगलाई, बाछाले पनि खेद्छ

औ

१०७) औलाले मर्नभन्दा मौलामा पर्न वेश

१०८) औँलो दिँदा डुडुल्नो निल्ने ।

अं

१०९) अंशको कुरा वंशले जानेको हुन्छ ।

११०) अंश खानेले वंश थाम्नु पर्छ ।

क

१११) कच्चा वैद्यको मात्रा, यमपुरीको यात्रा ।

११२) कन्नापरिको गाली, आफैलाई खाली ।

११३) कन्याकेटीका सयओटा पोइ, हुने बेला कोही न कोही ।

११४) कमाउने भन्दा समाउने योग्य चाहिन्छ ।

११५) कर्म नगरी धर्म मिल्दैन ।

११६) कर्मले हारेको, स्वास्नीले जारेको ।

११७) करायो करायो दक्षिणा हरायो ।

११८) कली आजको भोलि ।

११९) कस्का पेटमा को पस्न सक्छ र ?

१२०) कस्ता कस्ता कहाँ गए, मुसाका छोरा दरबार ।

१२१) कस्तो छ केटो हेर्नै नपर्ने, कस्ती छ केटी बोल्नै नपर्ने ।

१२२) कसला नकाटी मसला पाइँदैन ।

१२३) कसैका करले गुहु आउन्न ।

१२४) कहाँ जान्छस् गोरू, जोत्न (खुसी हुँदै)

१२५) कहाँ गइथिस् गोरू जोत्न (दुःखी हुँदै)

१२६) कहाँ जालास् मछडी मेरै ढडिया

१२७) कहाँ जान्छस् हराउने, बिलाउनीलाई खोज्न

१२८) कहाँको राजाराम, कहाँको गँजे भण्डारी

१२९) कहीँ नभएको जात्रा, हाँडी गाउँमा

१३०) कहिले काफल पाक्यो, कहिले विऊ कोयो

१३१) कहीँ कहाँ पाई, कहीँ जहाँ पाई

१३२) काइदा जाने फाइदा हुन्छ

१३३) काखमा नाठो, पेटमा पाठो

१३४) काँक्रो भन्दा चिया (चिरा) राम्रो

१३५) कागको मुखै वैरी

१३६) काग बाठो भएर विष्टा खान्छ ।

१३७) कागती खानेले वियो खान्छ,

१३८) अदुवा खानेले बोक्रो खान्छ

१३९) काग कराउँदै जान्छ पिना सुक्दै जान्छ ।

१४०) कागलाई बेल पाक्यो हर्ष न विस्मात् ।

१४१) काग भन्दा कोइली चङ्ख

१४२) काजी मरेर कजाइँ र राजा मरेर रजाइँ रोकिन्न

१४३) काठ गुन काठ बैगुन

१४४) काना गोरूलाई सधै हरियो

१४५) काना गोरूला औंसी न पूर्णि

१४६) कानाका देशमा जाँदा आँखा चिम्लनु, खोरण्डाको देशमा गए खोच्याउनु

१४७) काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर

१४८) काम साँचे आफूलाई, खान साँचे अरूलाई

१४९) काम्लामा सातु मुछे जस्ता कुरा

१५०) काम गर्ने कालु, मकै खाने भालु

१५१) काम छैन बुहारी पाडाको पुठो कना

१५२) कामीले लान्छ/लान्न कमिनीको सिँगार पठार

१५३) कालो अक्षर भैंसी बराबर

१५४) कालले छोडुस् ता कङ्गालेले छोडुस,

१५५) कि खान्छ आँटले, कि खान्छ ढाँटले

१५६) कि छोप नानी, कि भर पानी

१५७) किन रोइस् मङ्गले, आफ्नै ढङ्गले

१५८) किमिला (कमिला)लाई मुतको पहिरो

१५९) कि व्याएकीले जानेकी हुन्छे, कि तोएकीले

१६०) कुकुरको पुच्छर वाह्र वर्ष ढुङ्ग्रामा राखेपनि बाङ्गाको बाङ्गै

१६१) कुकुर भुकेको भुकै, हात्ती लम्केको लम्कै

१६२) कुकुरको जस्तो निद्रा

१६३) कुकुरको काम, न फुर्सद

१६४) कुकुरलाई घिउ पच्दैन

१६५) कुकुरलाई काम्लो, माखा (झिंगा) लाई दाम्लो

१६६) कुकुर भुके हजार, हात्ती चले बजार

१६७) कुकुर मोटो भएर, काटी खान हुन्न

१६८) कुकुरलाई मासु पैंचो नदिनु

१६९) कुमालेले आफ्नै घैंटो सराउँछ

१७०) कुरा गरे धेरै हुन्छ, बसे बेरै हुन्छ

१७१) कुराको गाँठी, मान्छेको घाँटी

१७२) कुराले कुरा काट्छ, छुराले रौं काट्छ

१७३) कुरीमा कोदो, वित्तामा धान, टाङ्मा मकै खेती गर्न जान

१७४) कुरो लगेर डाँडामा राख्ने

१७५) कुरो र कुलो जता लग्यो उतै जान्छ

१७६) कुरो बुझ्यो कुलेले खाएन खीर

१७७) कृष्णका पछाडि गोपिनीका लस्कर

१७८) के खोज्छस् काँना ? आँखो ।

१७९) के खाइस काना ? आँखो ।

१८०) के गर्छेस बुहारी ? उही पोख्छु, उही उठाउँछु ।

१८१) केटी हेर्नु सयतिर, बिहे गर्नु एकतिर

१८२) केटीको उमेर नसोध्नु, केटाको कमाइ नसोध्नु

१८३) केटो कस्तो छ ? हेर्नै नपर्ने, केटी कस्ती छ बोल्नै नपर्ने

१८४) कोही सुरे, कोही पाँडे

१८५) कोही खुर्सानीविना भान्सा नबस्ने, कोही खुर्सानी भए भान्सा नबस्ने

१८६) कौवा जहाँका पनि कालै हुन्छन्

१८७) कौवाले आफ्नो नाम आफै काढ्छ ।

ख

१८८) खडेरीको जिउ, कर्कलो गलेभैँ

१८९) खाइयो अचार, पाइयो विचार

१९०) खाइन पाई, छालाको टोपलाई

१९१) खाए खा, नखाए घिच

१९२) खाउन्जेल त जोगीको जारले पनि सुख पाउँछ

१९३) खाए भात नखाए लाट

१९४) खाएको आफ्नु, दिएको राख्नु

१९५) खाए पनि नखाए पनि बाघको मुख रातै

१९६) खान्न खान्न लोकाचार, खान थाले मानाचार

१९७) खान पाए हस्स, सुत्न पाए फस्स

१९८) खान साँच्यो अरूलाई गर्न साँच्यो आफूलाई

१९९) खानु छ पानी, सुध्नु छैन घिउ, कहाँबाट लाग्छ जीउ ?

२००) खानु न खुट्नु जिउ मात्रै भुट्नु

२०१) खाने मुखला जुँगाले छेक्दैन

२०२) खाने मकै सकिने धान, थाक्ने बूढो गर्ने जहान

२०३) खुट्टा भए जुत्ता जत्ति पनि

२०४) खुर्सानीविना भान्सा अड्किन्न

२०५) खुट्टो चिप्लेको चोट भन्दा, जिब्रो चिप्लेको चोट ठूलो हुन्छ ।

२०६) खुसखुसेले ताल पाऱ्यो चकचकेले गाल पाऱ्यो

२०७) खेताराले आफैला कजाउँछ

२०८) खेलखेलमा स्याल पल्टन्छ

२०९) खोलो तऱ्यो लौरो बिर्स्यो

२१०) खौला परेकी गाई, मौजा परेकी माई

ग

२११) गङ्गाका जलले सूर्यलाई अर्घ

२१२) गर्जने मेघ बर्सदैन

२१३) गर्ने बेला हातखुट्टा लुला, खानेबेला ठूल्ठूला डल्ला

२१४) गर्ने भने हनुमान पगरी गुथ्ने ढेँडु

२१५) गरीवलाई दिन्छु नभन्नु राँडीलाई लान्छु नभन्नु

२१६) गरीवले खीर खायो दुनियाँले चाल पायो ।

२१७) गरीव मऱ्यो, कानुन टऱ्यो ।

२१८) गरीवको भान्से हुनभन्दा धनीको नोकर बेस ।

२१९) गरीवीका आटा गिला

२२०) गरी खा न मरी जा

२२१) गरेकाले गर्छ, खाएकाले खान्छ

२२२) गलागला पिँडालु, कता हिँडालु

२२३) गाई मारेर गधा पोस्नु

२२४) गाई दिनेलाई गोबर

२२५) गाईका थन न बाछ्राका मुख

२२६) गाई र बाहुन सधै चोखो

२२७) गाउँको गिद्ध देशको सिद्ध

२२८) गाउँले सराउनी आफू हराउनी

२२९) गाँठी न गुँठी, जरजरी उठी

२३०) गासे-गासे एकै नासे

२३१) गुन्द्रुकलाई (सिन्कीलाई) पकाउन पर्दैन, सालीलाई फकाउन पर्दैन ।

२३२) गुनको सट्टा खुन

२३३) गुहु खानु बाङ्गो मुख

२३४) गुहु खानेला पादको के स्वाद

२३५) गुहु चलायो मुखभरि छिटा

२३६) गुहु भन्दा गोबर बेस

२३७) गोडी चल्दैन, बोडी फल्दैन

२३८) गोरू बूढो भिर खोज्छ, मान्छे बूढो निहूँ खोज्छ

घ

२३९) घरभरि देवर, पोइको रहर

२४०) घरभरि जेठाजु, पोइको दार्द

२४१) घरै पिँडालु, वनै पिँडालु, ससूराल जाँदा बाह्र हातको पिँडालु

२४२) घाँटी हेरी हाड निल्नु

२४३) घोकन्ती विद्या धावन्ती खेती

२४४) घोडा चढ्ने लड्छ ।

२४५) घोडाले खाएको र छोराले खाएको खेर जान्न

२४६) घोत जानेलाई ओत नदिनु

## च

२४७) चन्द्रमा दाहिने भए कस्को के लाग्छ ?

२४८) चरीको घर कहाँ छ र ?

२४९) चार आना मुर्गीलाई बाह्र आना मसला

२५०) चाहिँदाको भाँडो नचाहिँदाको ठाँडो

२५१) चिच्याएर बाठो र दौडेर छिटो भइन्न

२५२) चिन्नु न जान्नु ढुङ्गाले हान्नु

२५३) चिलाउने र कनाउने दुवै उस्तै

२५४) चुच्चे ढुङ्गो उही टुङ्गो

२५५) चुपचाप चुड्की बोले मुड्की

२५६) चुलिए पछि पोखिन्छ ।

२५७) चे नमनी कुकुर पनि आउन्न

२५८) चोक्टा खान गएकी बूढी, झोलमा डुबेर मरी

२५९) चोरले भैंसी लग्यो, जन्ता पछिपछि

२६०) चोरको बाउ चण्डाल

२६१) चोर माथिको चक्कर

२६२) चोरले अरूलाई पनि चोर देख्छ ।

## छ

२६३) छन् गेडी सबै मेरी, छैनन् गेडी सबै ढेढी

२६४) छ लुगा छ जाडो, छैन लुगा छैन जाडो ।

२६५) छ्यान-विछ्यान भगवान्ले गर्छन् ।

२६६) छुट्टिदाँका वर्षको जाँगर मर्दाका वर्षको निद्रा ।

२६७) छेपाराको मुखमा कुभिण्डो अड्दैन ।

२६८) छेपाराको शास्त्र ।

२६९) छेउछाउँको तीतो माँभको मीठो

२७०) छोरा पाए हुराक्क छोरी पाए धुरुक्क

२७१) छोरा भए नाति नाति, पैसा भए भाँति भाँति

२७२) छोरी त दुई दिनको पाहुना

२७३) छोरी पायो ज्वाइँलाई, छोरा पायो बुहारीलाई

२७४) छोरी मरी ठूलोघर परी

२७५) छोरी मरेको ज्वाइँ, धान उठाएको खलो ।

२७६) छोरी भन्छे माइती माइती, माइती भन्छन् कहाँ आइथी ?

२७७) छोरो पाए खसी, छोरी पाए फर्सी ।

२७८) छोरो पाउने कहिले कहिले, भोटो सिउने अहिले ।

२७९) छोरो पाउने को हो को हो ? पाती लाउने मेरो पोइ ।

ज

२८०) जग बलियो भए घर बलियो हुन्छ ।

२८१) जताजता बाहुन बाजे उतैउतै स्वाहा ।

२८२) जति खेरको आँप, उति खेरको भँटारो ।

२८३) जति जोगी आएपनि कानै चिरेका ।

२८४) जति भाका काला, मेरै बाउका साला ।

२८५) जन्त जानेले मर्छु भन्दैन, मलाम जानेले बाँच्छु भन्दैन ।

२८६) जब पऱ्यो राति तब बूढी ताती ।

२८७) ज्योतिषिका छोरी राँड, वैद्यका गलगाँड ।

२८८) ज्यानभन्दा कण्ठ प्यारो ।

२८९) ज्यान गए जाला भाइ, झ्या नगरे ।

२९०) जसका गाई उसको वन, जसका छोरा उसको धन ।

२९१) जस्काहातमा लट्ठी उसकै भैंसी ।

२९२) जसका जौ खानु, उसैका जुँगा गोड्नु ।

२९३) जसको विहा उसैलाई नल्याहा ।

२९४) जस्तालाई त्यस्तै ढिंडालाई निस्तै ।

२९५) जस्ताका दिन त्यस्तै गरेर जान्छन् ।

२९६) जसले मह काढ्छ उसैले हात चाट्छ ।

२९७) जहाँ इच्छा त्यहाँ उपाय ।

२९८) जहाँ कङ्गाल उही चण्डाल ।

२९९) जहाँ गुलियो उही बाहुन भुलियो ।

३००) जहाँ दारू (रक्सी) उहीँ थारू ।

३०१) जहाँ स्त्री, त्यहाँ श्री ।

३०२) जहाँ केरा, उहीँ बाहुनको डेरा

३०३) जाँगर न साँगर खाने बेलामा आँगर

३०४) जाडोको भौरो (आगो) आफैतिर

३०५) जानी जानी भौरामा हात

३०६) जिउ छ ता सबै छ ।

३०७) जिउँदाको जन्ति मर्दाको मलामि ।

३०८) जिउँदी कमारीका बाह्र बीस पोइ, मर्दाका दिन कोही न कोही ।

३०९) जिल्ला छ सुगम सदरमुकाम दुर्गम ।

३१०) जुँगा चल्यो कुरा बुझ्यो ।

३११) जुन कालो उही कर्रो ।

३१२) जुन गोरूको सिङ् छैन उसैको नाम तिखे ।

३१३) जुन गोरूको पुच्छर छैन उसैको नाम चँहरे ।

३१४) जुन थालमा खायो त्यसैमा चुठ्ने ।

३१५) जे रोप्यो उही फल्छ ।

३१६) जेरी न सेरी भालुसँग मितेरी ।

३१७) जोईपोइको भेटघाट छैन छैतीका चिउरा ।

३१८) जो चोर उसैको ठूलो स्वर ।

३१९) जोतेर भ्याएका राँगा, रोपेर भ्याएका खेतारी ।

३२०) जो बूढो उही फुँडो ।

३२१) जोत्न नजाने खन्न पर्छ, हग्न नजाने कन्न पर्छ ।

३२२) जो होचो उसैका मुखका घोचो ।

३२३) जौना औंलामा विष लाग्छ, त्यही मात्रै झर्छ ।

झ

३२४) झगडा नभए दुईटी स्वास्नी ल्याउनु, ऋण नलागे सुती पस्नु ।

३२५) झिकिदे गाँड भन्दा थपिदे गाँड ।

३२६) झिंगा (माखा) का रिसले डिंगो मर्दैन ।

ट

३२७) टमाटरको टोकरी, बानीयाँको नोकरी, माडवारीकी छोरी (छोक्री) ।

३२८) टाढाको आरन भन्दा, नजिकको उदिन बेस ।

३२९) टाढाको खेती, नजिकका बेटी ।

३३०) टाढाको दाजुभाइ भन्दा नजिकका छिमेकी ।

३३१) टालेका जाँघेलाई फालेको टाँक।

३३२) टाढाको देउताभन्दा नजिकको भूत काम लाग्छ ।

३३३) टुहुराको भाग्य कन्ना पछाडि ।

३३४) टुहुरीको खेती फट्याङ्ग्राले मेटी ।

ठ

३३५) ठूली बिरालीले चोर्ने, सानी बिरालीले चोट (खाने) पाउने ।

ड

३३६) डराउने मानिसलाई रुखको बाघ बन्छ ।

३३७) डाकी न बोलाई लेडो पुच्छर डोलाई ।

३३८) डाँडाका रुखलाई बतासले हान्छ ।

३३९) डाँडामा बसेर घाँडाको स्वर सुन्ने ।

ढ

३४०) ढाकाका टोपीमा गयैँलाको फूल ।

३४१) ढाँटी ढुँटी विहा, मारिमेटी न्याय ।

३४२) ढिलो होस् छोरो होस् ।

३४३) ढुकुरको छोरो र भुसालको छोरो आफ्नो हुन्न ।

३४४) ढुङ्गो खोज्दा देउता मिल्नु ।

त

३४५) तमाखुको मान चिउराको पूरा, भरिलोटा पानी उचाकाका कुरा ।

३४६) तबेलामा जन्मे पनि मान्छे घोडा बन्दैन ।

३४७) ताई न तेल पका बूढी सेल ।

३४८) ताउलो नताती कडो तात्दैन ।

३४९) ताक परे तिवारी नत्र गोतामे ।

३५०) ताज महलको उपहार दिए पनि, छाप्रो हाली व्यापार ।

३५१) तालुमा आलु फल्नु ।

३५२) तित्रो बास्यो आफ्नै खती । (तित्राको मुखै बैरी)

३५३) तिहारका कुरा गर बूढी खाए झैं हुन्छ ।

३५४) तीन त्रिलोक चौध भुवन देख्नु ।

३५५) तीन हाते मान्छेका नौ हाते जुँगा ।

३५६) तेर्छो बाटोलाई फेरो नभन्नु, सौते पोइलाई मेरो नभन्नु ।

३५७) तैले पिटेझैं गरेस, म रोएझैं गर्छु ।

३५८) तैले आँट मैले पुऱ्याउँछु ।

थ

३५९) थाकेको मृगलाई बाछाले खेद्छ

३६०) थानको मान सबैले राख्नु पर्छ ।

३६१) थारूले चैतमा गोरू बेचेर सिरक किन्छ ।

३६२) थुकेको थुक फेरि नचाट्नु ।

३६३) थुनेको पानी र सुनेको कुरामा विश्वास नगर्नु ।

३६४) थोरै भए ठिक्क धेरै भए दिक्क ।

द

३६५) दमैले माग्न र पिलाले हुन जान्दैन ।

३६६) दशा लागेको बेला घरैको धुरी बाङ्गो हुन्छ ।

३६७) दशा लागेपछि दश थोक हुन्छ ।

३६८) दशैं आयो, दशा लाग्यो ।

३६९) दशैंमा बुझ्ने हो दशतिर टाल्ने हो ।

३७०) दाइसित सकिन भाउजूसँग ।

३७१) दाजुभाइ कहाँ पाई, दाजुभाइ मुटु खाई ।

३७२) दाँत बलियो भए आँत बलियो हुन्छ ।

३७३) दार बेच्नेलाई दार्दले छोड्दैन

३७४) दालभाततरकारी, ज्यानधन सरकारी

३७५) दिनको संकेत विहानले गर्छ ।

३७६) दिन कटाउने मानो चटाउने ।

३७७) दिन घुटेट्ने काल पर्खने ।

३७८) दिनभरि ऋषिमनि, रातपरेपछि सिसीमुनि ।

३७९) दिनभरि गोठाला घाँस न पात, रात पऱ्यो गोठाला निदारमा हात ।

३८०) दिनु भने आफू नाङ्गो नदिनु भने इष्ट बाङ्गो ।

३८१) दुई पैसाको आम्दानी छैन चारपैसाको खती ।

३८२) दुई जोईको पोइ, कुन बसी रोई ।

३८३) दुई रूपेको पान खाएर दश रूपेको सान ।

३८४) दुःख पाइस मङ्गले आफ्नै ढङ्गले ।

३८५) दुःखमा नआत्तिनु सुखमा नमात्तिनु ।

३८६) दुःखमा डसेना नओड्नु सुखमा सिरक नडसाउनु ।

३८७) दुःखी-दाखी कन्नामा पाखी ।

३८८) दुर्गा दाहिने भए कसको के चल्छ ?

३८९) दूध दिने गाईको लात पनि सहनुपर्छ

३९०) दूधको साथी बिरालो

३९१) दुलाहा-दुलही गले परानी, माग्नीका कपालमा तातो खरानी

३९२) दुवै हातमा लड्डु

३९३) देउताको त यो गति, पुजेरीको कुन गति

३९४) देउता पुज्ने नर्ग पर्दैन, कोदालो खन्ने भोकले मर्दैन

३९५) देउता न पित्र, मुखभित्र

३९६) देश गुनका भेष, कपाल गुनका केश ।

३९७) दैवको लाठी सबैमाथि

३९८) दैव दुःख नदे आफै दुःख पा ।

ध

३९९) धन हुनेको मन हुन्न, मन हुनेको धन हुन्न ।

४००) धनीले खाने जिरो, गरीवले खाने पिरो ।

४०१) धर्म डग्दैन पापा टिक्दैन ।

४०२) धर्म कर्म डाँडामा चामल पीठो भाँडामा ।

४०३) धाकभन्दा धक्कु ठूला हिड्ने बेला खुट्टा लुला

४०४) धान खाने मुसो, चोट पाउने भ्यागुतो ।

४०५) धान कुट पराने सक्दिन बराजु, खान आ पराने ज्यू बराजु ।

४०६) धेरै कुरा थोरै काम ।

४०७) धोबीको कुकुर घरको न घाटको ।

न

४०८) न आँतको न दाँतको ।

४०९) नखाए तलतली खाए उपरतली ।

४१०) नखाउन्जेल चल्न नसक्ने, खाएपछि डग्न नसक्ने ।

४११) नखानु भने गाईको दूध, खानु भने रौं परेको ।

४१२) नदिने बराजुले बुधवार बार्छिन्

४१३) नजाने गाउँको बाटै नसोध्नु

४१४) नजिकको तीर्थ हेला

४१५) नपत्याएका खोलाले बगाउँछ

४१६) नपत्याएका बाघले खान्छ

४१७) नपाउनेले केरा पायो बोक्रैसित खायो

४१८) नपाउनेले छोरो पायो खेलाई खेलाइ मार्‍यो

४१९) नवर्षने मेघ गर्जिन्छ

४२०) नमच्चिने पीङ्को सय झट्का

४२१) नयाँ जोगीले बढी खरानी घस्छ

४२२) नरह्यो बाँस न बज्यो बाँसुरी

४२३) नलिहाडको खटिरो

४२४) नहुनभन्दा कानो मामा वेस

४२५) नाँच्न नजान्ने, आँगन टेढो

४२६) नागा नाच्यो तीन दाउ

४२७) नानीभन्दा आची ठूलो

४२८) निहुँ खोजेको, आँखो घँचेको

४२९) नेउपाने डाक्नु असत्य भाक्नु

४३०) नेताको जिब्रो एउटै हुँदैन ।

४३१) नेपाल गए कपालसँगै बर्मा गए कर्म सँगै ।

४३२) नेवार बिग्रयो भोजले, मगर बिग्रयो मोजले

४३३) नौ दुई ग्यार

४३४) नौ नगद नब्बे उदारो ।

४३५) नौलो गाईको नौ पुला घाँस, रहँदा बस्दा टुपीको नास

प

४३६) पकायो ढिंडो, खायो हिड्यो

४३७) पढले लेखले कौन काम, हलो जोते धानै धान (मामै माम)

४३८) पढो पढो पाठ, सोह्र दुना आठ

४३९) पत्थर कोटमा नून, बटौलीमा सुँन

४४०) पशुपतिको जात्रा, सिद्राको व्यापार

४४१) पहाड वर्षियो, मधेस सर्सियो

४४२) पहाडको बापती मधेको सभापति

४४३) पहाड खाने आइमाईका बल, मधेस खाने लोग्ने मान्छेका बल

४४४) पहाडे आए, मधिसे भगाए

४४५) पहाडेको सल्ला (सल्लाह) मधिसेको हल्ला

४४६) पहिले आत्म, पछि परात्म

४४७) पाँडे भए पडेने हुन्न, पडेने भए पाँडे हुन्न

४४८) पानीले खाएको धान खडेरीले खाएको मकै हार्दैन ।

४४९) पाप गरे फाप पुण्य गरे सून्य

४५०) पिउठानीको सङ्गत, पीठाको खर्च

४५१) पुडी पाँच चिउरा तीन

४५२) पुस फास फुस

४५३) पुसको केरा साहुलाई चैतको केरा बाउलाई

४५४) पेट ठूलो कि दश विगाहा खेत ?

४५५) पैंचो हो सम्धिनी गनी गनी खाउ

४५६) पैसा छैन लाल कौडी, कुर्ता लाएर बजारतिर दौडी

४५७) पैसा न कौडी बजार बजार दौडी

४५८) पैसा देखेपछि महादेवका तीन नेत्र खुल्छन्

४५९) पोइल जानु बैंस गुमाएर

४६०) पोथी बासेको घर राम्रो हुन्न ।

४६१) पोले पनि घामै जाति, पिटे पनि आमै जाती

४६२) पोहोरको खेती, अहिलेको रुघा

४६३) पोहोर मरिन् सासू, अहिले आए आँसु

फ

४६४) फलेको डालो नुग्छ

४६५) फिनी चोरेको थाहा छैन, गहुँका गेडा गन्छु

४६६) फालिएको आटो मेरा लाटालाई

४६७) फिस्टाको ज्यान जाने, खानेको धीत नपुग्ने

४६८) फुपूकी छोरी खोजी खोजी, मामाकी छोरी रोजी रोजी (मगर जातिमा)

४६९) फूल फुलेको सुहाउँछ, मान्छे फुलेको सुहाउन्न

ब

४७०) बकुल्लाको जस्तो ध्यान

४७१) बगरले र मगरले लिनदिन जान्दैन

४७२) बजाउन जाने बज्छ मुरली

४७३) बने घर बिग्रिए माइत

४७४) बाखीको पुच्छर काटी बोकेलाई स्वाद

४७५) बसेको बियाँलो मसुराको कोसो

४७६) बाघ बूढो र स्याल तन्नेरी

४७७) व्यवहार गर्दा भोलि मर्छु ठान्नु, पढ्दा कहिल्यै मर्दिन ठान्नु

४७८) व्यापारले हारेको र स्वास्नीले जारेको

४७९) बाउभन्दा छोरो जान्ने खुकुरीभन्दा कर्द लाग्ने

४८०) बाक्लो र बाँफ्को एउटै हो ।

४८१) बाँदरको हातमा नरिवल

४८२) बाँदरलाई लिस्नु चाहिन्न

४८३) बाँदरको पुच्छर लौरो न हतियार

४८४) बाउको विहेमा छोरो जन्ति

४८५) बाउले पढाए नेपाली तरूनीको कथा

४८६) बाउले हिसाव सिकाए खै के ? खै के ?

४८७) बाउन्न तासको त्रिपन्न खेल

४८८) बाघका छालामा स्यालको रजाइँ

४८९) बाबु न मैया सबसे बढा रूपैँया

४९०) बासी भात घोडाको लात र केटीको जात को कहिल्यै भर नपर्नु

४९१) बाहुनले च्याउ खायो न चाल पायो

४९२) बाहुन मर्छ धाएर मगर मर्छ खाएर

४९३) बिग्रेको मान्छेको भत्केको घर

४९४) विहानको अमिलो दिउसको राई साँझको मूला कालको भाइ

४९५) बिहे नगरे पनि जन्त गएको छु

४९६) बूढा मरे भाषा सरे

४९७) बूढो गोरू बेची चैतलाई पाखी

४९८) बुद्धको देश त बुकको भो

४९९) बूढो र मुडो एकै

५००) बूढो रहर बैसको बहर

५०१) बूढाखाडा माघलाई तन्नेरी बाघलाई

५०२) बूढी मरी भनेर रून्न काल पल्केर रुन्छु

५०३) बूढाले बिहे गर्‍यो छिमेकीलाई मज्जा

५०४) बेला आउँछ पर्खदैन बगेको खोलो फर्कदैन ।

५०५) बेर भएका बेला गइछे बूढी मेला

५०६) बैस जा बानी नजा

५०७) बेश्याको घर छैन, वेमानीको भर छैन

५०८) बैस छन् जेल वल देखाउने बूढो भए पछि फल देखाउने

५०९) बैस हुँदै पोइल उमेर हुँदै लाहुर

५१०) बोट लगाए फल खान पाइन्छ

५११) बलेको आगोमा घ्यू थप्नु

५१२) बौलाहा कुकुरले टोक्यो भन्दैमा उसैलाई टोक्नु हुन्न ।

भ

५१३) भट्टराईले भट्ट भुट्यो, पोखेलले पोख्यो, न्यौपानेले निउँ खोज्यो, गोतामेले गोद्यो

५१४) भताभुङ्ग देशको लथालिङ्ग चाला जसले पायो उसैले खाला

५१५) भदौमा आँखा फुटेको गोरूलाई सधै हरियो

५१६) भदौरे गाई, कात्तिके माई, माधे, थोरी चैते घोडी, यी सबै मिलेमा खसम खाई

५१७) भनौं भने गाउँको मुख्य नभनौं भने कुखुरा सक्किए

५१८) भरसक राम्रो बोल्नु नत्र बोल्दै नबोल्नु

५१९) भन्छन् बरा खन्छन् जरा

५२०) भनेर मरिन्न हानेर मरिन्छ ।

५२१) भाइको गाँज र केराको गाँज फोरे ठिक हुन्छ

५२२) भाग खानेलाई भन्दा पूरा खानेलाई हतपत

५२३) भाग्य छ भनेर चाल्नामा दूध अडिन्न

५२४) भाग्य मानीको भूतै कमारो

५२५) भाग्य मानीका भैंसी बर्षौंदे अभागीका स्वानी बर्षोदे

५२६) भाङ्ग्राको टोपीलाई गयेँलाको फूल

५२७) भागपुग्दो खाने काल पुग्दो मर्ने

५२८) भित्ताका पनि कान हुन्छन्

५२९) भुक्ने कुकुरले कहिल्यै टोक्दैन

५३०) भुईमा चिनी छर्केर कमिला लाग्यो भन्ने

५३१) भुटे भाङ्ग पोले पिडालु

५३२) भेडाले मुख वाउस्न कुविन्डो खाउस्

५३३) भैंसीको अगाडि चिन बाजा बजाइ

५३४) भैंसीको आँखामा कालो चश्मा

५३५) भैलाको पैसा गरौं अयस

५३६) भैंसी व्याउन कहाँ छ कहाँ पाडो पिट्न लौरो

५३७) भोकाएको बाहुन अघाएको मगर

५३८) भोक मिठो कि भोजन मिठो ?

५३९) भोकाएका हलीले गोरू पिट्छ

५४०) भोरेको खर्च अराएको बुद्धि

५४१) भ्यागुताको धार्ने कहिल्यै नपुग्ने ।

म

५४२) मकवानपुरे लिला मुखको मोल ।

५४३) मगर असामी बगर खेत, कि हसक्क कि फसक्क

५४४) मगरको बूढो कोट, बाहुनको बूढो गोठ

५४५) मगरलाई वन नदिनु, क्षेत्रीलाई धन नदिनु, स्वास्नीलाई मन नदिनु

५४६) मकै पाके बकेर्ना थाके

५४७) म गर्न खोज्छु आग्राका कुरा ऊ गर्न खोज्छ गाग्राको कुरा

५४८) मनमा चङ्गा त लोटामा गङ्गा

५४९) मनको बह कसैलाई नकह

५५०) मनका कुरा आँखाले बुझ्नु

५५१) मनको लड्डु घिउसँग खानु

५५२) मफतका चिउरा वडा वडा फाँक

५५३) मर्ने बेलामा खाउ बा खीर

५५४) मर्ने बेलामा हरियो काँक्रो

५५५) मर्ने बेलामा कमिलाको पँखेटा आउँछ

५५६) मर्नभन्दा पहिला खुट्टा तान्ने

५५७) मरेको मधिसेले जिउँदो पहाडेलाई ठग्छ

५५८) मामाको धन फुपूको श्राद्ध

५५९) माईतीको वात लोग्नेको लात

५६०) माउभन्दा चल्ला बाठा

५६१) मामाका अगाडि मावलको वयान

५६२) माग्ने बूढाका सयवटा गाडी

५६३) माग्नेलाई तातो भात

५६४) माझीका घरमा माछाको पाउर

५६५) माछा मिठा काँडातिता

५६६) मान्छेमा को पाँडे, गोरूमा को आँडे बिरालाको ढाडे

५६७) माग्दा मईन, खादा चईन तिर्दा ऐन

५६८) माटो खने पैसा भेटिन्छ।

५६९) मान्छेमा को साढु भान्सामा को डाडु

५७०) मामाकी घँडी मेरी हि हि

५७१) मारेको बाघको जुँगा उखेल्नु

५७२) मितले हलो त्यसै दिए मैले एक पाथी त्यसै दिए

५७३) मुख हुँदाहुँदै नाकले पानी खानु हुँदैन

५७४) मुख हेर्दा टिठ लाग्ने व्यवहारा सम्झँदा रिस उठ्ने

५७५) मुखमा राम-राम बगलीमा छुरा

५७६) मुखले ठिक्क पेटले दिक्क

५७७) मुठीभरि चामल भए आगनभरि चमेरा

५७८) मूर्खदेखि दैव डरा

५७९) मुती पनि सके दैलो पनि देखें

५८०) मुल्लाहको (मोलवीको) दौड मस्जिद तक

५८१) मेरो गोरूको बाह्रै टक्का

५८२) मेवाको रुखको हलो न बलो

५८३) मोर्छ वा साहुको गोरू, भाचिन्छ ता साधनको हलो

५८४) मोर्न परेपछि खुट्टै तानेर

५८५) मौकामा चौका हान्नु पर्छ

५८६) मौका आउँछ पर्खदैन बगेको खोला फर्कदैन

५८७) मंसिरमा मुसाले पनि सातवटी स्वानी ल्याउँछ

य

५८८) यता न उता हातमा जुत्ता

५८९) यसै ऋण उसै ऋण बूढो भैंसी किन

५९०) यो बूढी मर्नेछ मलाई फाल्न पर्नेछ

र

५९१) रहरेको खहरे मर्छु क्यारे ठहरे

५९२) राजाका अगाडि बाबुकी दुहाई

५९३) राजाको काम कैले जाला घाम

५९४) राजाको छोरो कान्छो नहुनु जनताको छोरो जेठो नहुनु

५९५) राजा मरेर राज्य अड्किन्न

५९६) रातै राम्रो गुलियै मिठो

५९७) रातभरि कुऱ्यो बूढी ज्युँदै

५९८) रातभरि रामायण पढ्यो सीता कसकी जोइ ?

५९९) राँडीका मुखको गाली वर्षाका मुखको घाम

६००) रातो राजी, कालो काजी, सेतो पाजी (खसी बोका को सन्दर्भमा)

६०१) ऋण लागे नडराउनु दीन लागे डराउनु

६०२) ऋण र घीन एउटै हो

६०३) रिसले जय गर्दैन

६०४) रिस खा आफू बुद्धि खा अरू

६०५) रुख चढाएर फैँद काट्ने

६०६) रूप कि न हुपकी

ल

६०७) लङ्कामा सँन छ नाक कान बुच्चै

६०८) लागे लाग मोहनी नलागे घरै छन् सातवटी

६०९) लाजको मर्नु देशको हाँस्नु

६१०) लाटा देशको गाँडा तन्नेरी

६११) लाटा पाडाले दूध खान्छ, बाठो कौवाले गुदू खान्छ

६१२) लात्तीले हान्ने गाई छिट्टो पग्रन्छ

६१३) लातको भूत वातले मान्दैन

६१४) लिखितम्को अगाडि वकितम् को केही लाग्दैन

६१५) लुगाको इज्जत आफूले राखे आफ्नो इज्जत लुगाले राख्छ

६१६) लेखेको पाइन्छ देखेको पाइन्न ।

६१७) लेख्ने भुल्छ, बोल्ने चुक्छ

६१८) लोग्ने मान्छे बारको काठ

६१९) लोग्ने स्वानीको कल ठाडा खोलाको भल

६२०) लोभले लाभ लाभले विलाप

६२१) लोभी भान्सा पस्दैन पदुवा अघि लाग्दैन

व

६२२) वनको काँडो कसले तिखार्छ ?

६२३) वन जाउस् न वाघले खाउस् ।

६२४) वनको काफल वनको चरीलाई ।

६२५) वनको बाघले खाउस न खाउस मनको बाघले खान्छ

६२६) वर्षा लागे बाणगङ्गा, हिउँदलागे सुकेगङ्गा

६२७) विद्या हराए काँशी जानु न्याय नपाए गोरखा जानु

श

६२८) शनिको छुट्टि मंगलको भेट कि दुख्ला टाउको कि दुख्ला पेट

६२९) शरणको मरण गर्नु हुँदैन

६३०) श्राद्धको सालो तिहारको ज्वाइँ

६३१) शित उघारी थैलो भर्ने

स

६३२) सके अन्त नसके पणेनेको जन्त

६३३) सङ्गत गुनाको फल

६३४) सधैको साटो खाउ ज्वाइँ आटो

६३५) सबैका माटाका चूला हुन्

६३६) सर्पका मुखको भ्यागुतो

६३७) सबै कुकुर काँशी गए गुँहुकेले खाला ?

६३८) सबै कुरा छाडौँ खाने कुरा गरौं

६३९) सबै खानु हरेस नखानु

६४०) सबै कुरा भएको गर्न कही नसकेको ठाउँ (तौलिहवा)

६४१) सम्पत्तिमा सबैको हाइ-हाई, विपत्तिमा कोहि छैन दाजुभाइ

६४२) सस्तो बेसाहाले पेट लाग्छ ।

६४३) सहकालको जौ अनिकालको तोरी

६४४) सम्धीलाई पनि भयो मलाई पनि भयो

६४५) सही बुहारी रही व्यापार

६४६) सुखको दाजुभाइ दुःखको मीत

६४७) साग खाई दाँत रङ्गाई

६४८) सार्कीका श्रापले गोरू मर्दैन

६४९) साली फकाउन पर्दैन सिन्की पकाउन पर्दैन

६५०) साँढेहरूका जुधाइ बाछाबाछीको मिचाइ

६५१) सिङगो बाखो खाएर कानका निम्ति झगडा

६५२) सिङ् हुने र ढिङ् हुनेको भर हुँदैन

६५३) सुकुम्वासीदेखि हुकुम्वासी बस्ने ठाउँ

६५४) सुकेका जिउमा लुकेको शक्ति हुन्छ

६५५) सूर्ती नखाई फूर्ति आउन्न

६५६) सुँन लाएकीले मलाई पताइन, सुन नलाएकीलाई मैले पताइन

६५७) सुखमा नमात्तिनु दुःखमा नआत्तिनु

६५८) सेवा गरे मेवा मिल्छ

६५९) सोझो गरे ईश्वरले देख्छन्

६६०) सोझा औंलाले घिउ आउन्न

६६१) सोझाको सत्यनाश

६६२) सोझालाई जिउन, राँडीलाई बिउन छैन

६६३) सोम खेती बुध घर जे जे लाग्यो त्यही गर

६६४) सौताका रिसले पोइका काखमा मुत्छु

६६५) सौताको जिलो मुटुको किलो

ह

६६६) हग न बाटो छोड

६६७) हगे हग मुते काटुला

६६८) हतारमा निर्णय गर्ने फुर्सदमा पछुताउने

६६९) हत्केलाले सूर्यलाई छेक्दैन

६७०) हजार वर्ष खडा, हजार वर्ष पडा, हजार वर्ष सडा (सालको रुख)

६७१) हजार साटी सय सय साटी गए (नोट)

६७२) हरियो वन नेपालको धन

६७३) हरूवा गोरूका छेरुवा कुरा

६७४) हल्ला अनुसारका चल्ला भएनन

६७५) हल भनेको हल्लाएको, भोलि भनेको भुलाएको हो

६७६) हलेदो भन्ने जानेपछि कोट्टाउनु पर्दैन

६७७) हलोकाटी मुङ्ग्रो

६७८) हलो अड्काउने गोरू पड्काउने

६७९) हाटको माल घाटामा

६८०) हाँडीमा कानिका छउन्जेल राँडीलाई निद्रा लाग्दैन

६८१) हातले दियो खुट्टाले खोज्यो

६८२) हात्ती आयो हात्ती आयो फुस्सा

६८३) हात्तीको मुखमा जिरा

६८४) हिड्ने गोरूको पुच्छर निमोठ्ने

६८५) हिसाब सुन्दा पिसाव आउने

६८६) हिस्स बूढी किच्च दाँत

६८७) हुँदा बाहुन रक्सीले डाउन

६८८) हुने हार दैव नटार

६८९) हुने विरुवाको चिल्लो पात, नहुने विरुवाको खस्रो पात

६९०) हुक्कु देशका भुक्कु आए, दही छोडी मही खाए

६९१) हुने होस् नदिने होस्

६९२) हेलाकी बुहारी पाहुनासित सुत

६९३) हेरेर मर्नभन्दा छेरेर मर्न जाति

६९४) होलाकिले छोडेन, हुने कहिल्यै होइन ।

## ३.३ निष्कर्ष

उखानहरू लोकजीवनका खारिला अभिव्यक्ति हुन् । जुनसुकै जाति, भाषा तथा समुदायमा उखानको प्रयोग हुने गर्दछ । पूर्खौदेखिको जीवनजगतका अनुभवलाई सार सूत्रात्मक रूपमा अभिव्यक्त गर्न सक्ने उखानहरू लोकसाहित्यका अमूल्य रत्न मानिन्छन् । पूरानो पुस्ताले ग्रहण गरेका अनुभवहरूलाई रसिलो, छरितो पारामा व्यक्त गरी नयाँ पुस्तालाई ज्ञान सम्प्रेषण गर्ने सशक्त माध्यम उखान हुन् । यिनले इतिहास, धर्म, संस्कृति, भूगोल आदिको पहिचान गराउन सक्दछन् । उखानलाई जीवन्त बनाउन यसको प्रयोगलाई नै बढाउनु पर्दछ ।

उखानको प्रयोग कपिलवस्तु जिल्लामा पनि प्रशस्त मात्रामा हुने गर्दछ । यस जिल्लाका विभिन्न भाषाहरूमा सिर्जित उखानले यहाँको भाषा, संस्कृति, सामाजिक जनजीवन तथा कतिपय ठाउँहरूको समेत परिचय दिएका छन् । विभिन्न स्थानबाट बसाइँसरी आउने मानिसहरूले आ-आफ्नै स्थानीय परिवेश अनुकूलको भाषा बोल्ने हुँदा नेपाली उखानभित्र पनि उच्चारणगत भिन्नता देखिन्छ ।

उखानहरू लेख्य रूपमा भन्दा पनि कथ्यरूपमा नै सशक्त हुन्छन् । त्यसैले कपिलवस्तुको शिक्षित र सभ्य समाजमा मात्र सीमित नभएर यहाँका बूढापाका देखि बालक, कृषकदेखि विभिन्न पेसामा आबद्ध हरेक तह र तप्काका व्यक्तिहरूसँग यिनको दह्रो सम्बन्ध छ ।

# चतुर्थ परिच्छेद

# कपिलवस्तु जिल्लाका नेपाली उखानहरूको विश्लेषण

लोकसाहित्य भाषालाई चिनाउने एक बलियो आधार हो । संसारका धेरैजसो भाषामा लोकसाहित्यको प्रचलन हुँदै आएको पाइन्छ । लोकसाहित्यका विभिन्न विधाहरूमध्ये एउटा महत्त्वपूर्ण विधाका रूपमा उखानलाई लिइन्छ । लोकसाहित्य कुनै समाज, क्षेत्र तथा राष्ट्रको मात्र सम्पत्ति होइनन् साझा अमूल्य निधि हुन् । यद्यपि त्यसका सबै विधाहरूमा सम्बन्धित स्थानको भाषा, संस्कृति, चालचलन, रीतिरिवाज, सामाजिक/भौगोलिक परिवेश आदिको प्रभाव पर्दछ । यसरी नेपाली उखानहरू पनि राष्ट्रका साझा सम्पत्ति हुन् तापनि कपिलवस्तु जिल्लामै बढी प्रचलित भई यहाँको चालचलन, रीतिस्थिति, स्थानीयता आदि पक्षहरूको झल्को दिने उखानलाई कपिलवस्तुमा प्रचलित नेपाली उखान भनिएको हुँदा यहाँ प्रचलित उखानहरूका विशेषता केलाउँदै वर्गीकरण र विश्लेषण गरिएको छ ।

## ४.१ कपिलवस्तु जिल्लामा प्रचलित उखानका विशेषताहरू

उखानले कुनै पनि समाज वा स्थानको सामाजिक, सांस्कृतिक, धार्मिक, ऐतिहासिक आदि पक्षलाई चिनाउँछ । साहित्यका अन्य विधाहरूबाट पृथक तुल्याउने उखानका आफ्नै विशेषताहरू छन् । यिनै विशेषताहरूले गर्दा उखानले आफ्नो अस्तित्त्व कायम राख्न सकेको छ । विभिन्न विद्वान्हरूले उखानका विशेषताहरू भिन्न-भिन्न मतमा व्यक्त गरेका छन् । यहाँ केही विद्वान्हरूका उखान सम्बन्धी विशेषताको चर्चा गर्नु आवश्यक देखिन्छ । भारतीय लोकसाहित्यविद डा. कुन्दनलाल उप्रेतीले उखानका दशवटा विशेषताहरू उल्लेख गरेका छन् । ती हुन्: १) ज्ञान र अनुभव, २) सर्वभौमिक एवम् सार्वकालिक, ३) अज्ञात रचयिता, ४) रसको अक्षय-भण्डार, ५) लाघवत्व, ६) सरसता, ७) सप्राणता र जिउँदोपन, ८) विदग्धता वा भङ्गिमा, ९) सारगर्भितता, १०) लोकप्रियता ।[२९]

---

[२९] कुन्दनलाल उप्रेती, लोकसाहित्यको प्रतिमान, दो.सं. (अलिगढ : भारत प्रकाशन मन्दिर, सन् १९८०), पृ. १७४ ।

उखानका विशेषताहरूको बारमा नेपाली लोकसाहित्यका अध्येता कृष्णप्रसाद पराजुलीले छवटा उल्लेख गरेका छन् । उनका अनुसार-

१) सारगर्भितता, २) संक्षिप्पता, ३) सरलता, ४) रूपविविधता, ५) सजीवता र ६) लोक प्रियता नै उखानका विशेषताहरू हुन् ।[३०]

उखानका विशेषताहरूको चर्चा गर्ने क्रममा मोहनराज शर्मा र खगेन्द्र लुइटेलको धारणा यसप्रकार रहेको पाइन्छ :

१. संक्षिप्त २. सारगर्भितता ३. उत्तेजक

४. सामान्य सत्यमा आधारित ५. साझा लोकअनुभव युक्त

६. परिपक्व ज्ञानमा आधारित ७. सरल र सहज

८. लोकप्रिय ९. सार्वभौम १०. सार्वकालिक

## ११. विविधतायुक्त [३१]

यसैगरी भोजपुरी उखान-टुक्काका अध्येता मुकुन्द आचार्यले उखानका विशेषताहरू निम्नलिखित पाँचवटा मात्र उल्लेख गरेका छन् :

१) मानवीय ज्ञानको भण्डार, २) लोकप्रियता, ३) सप्राणता, ४) सारगर्भितता र ५) संक्षिप्तता[३२]

उल्लेखित विद्वान्हरूको विश्लेषणका आधारमा कपिलवस्तुका उखानहरूको विशेषता पहिचान गर्न सहज भएको छ । कपिलवस्तु जिल्लामा प्रचलित उखानहरू नेपाली भाषाकै हुन् तापनि यहाँको कथ्य भाषाको प्रभाव र कतिपय उखानहरू यहाँका मौलिक सिर्जना भएका कारणले यहाँका उखानहरूको आफ्नै अस्तित्त्व छ । कपिलवस्तुका फाँटहरू, बजारहरू, मेलापर्वहरू तथा खोलानालासँग प्रसङ्ग मिल्ने नेपाली

---

[३०] कृष्णप्रसाद पराजुली, नेपाली उखान र गाउँखाने कथा, पाँचौं संस्करण, (काठमाडौं : रत्न पुस्तक भण्डार, वि.सं. २०६१), पृ. ३३ ।

[३१] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, लोकवार्ता विज्ञान र लोक साहित्य, प्रथम संस्करण (विद्यार्थी पुस्तक भण्डार, काठमाडौं, वि.सं. २०६३), पृ. ५२०-५२२ ।

[३२] मुकुन्द आचार्य, भोजपुरी उखान-टुक्का, (काठमाडौं : नेपाल राजकीइ प्रज्ञा प्रतिष्ठान, २०५३), पृ. १४-२४ ।

उखानहरूलाई यहाँका बासिन्दाहरूले प्रयोग गरेको, आधारमा र यहाँका तराईली परिवेशमा उब्जिएका उखानका आधारमा कपिलवस्तु जिल्लाका उखानहरूको विशेषता पहिचान गर्न सकिन्छ । विभिन्न विद्वान्हरूका मत र यहाँका उखानहरूको अध्ययनको आधारमा कपिलवस्तुमा प्रचलित नेपाली उखानका विशेषताहरू निम्न लिखित छन्:

| | | | |
|---|---|---|---|
| १) सारगर्भितता | २) संक्षिप्तता | ३) सजीवता | ४) स्थानीयता |
| ५) लोकप्रियता | ६) रूप-विविधता | ७) स्वतः स्फूर्तता | ८) सरलता |

## ४.१.१ सारगर्भितता (सारगर्भितता)

मानव जीवनको लामो अनुभव उखानमा व्यक्त भएको हुन्छ । कुनै कुरालाई एउटा अनुच्छेद वा पाठको माध्यमबाट धेरै बेर लगाएर बताउनुको सट्टा गाँठी कुरो छोई दाँयाबाँयाका प्रसङ्गलाई प्रतिध्वनित गराउने काम उखानले गर्दछ । युगौदेखिको अनुभवमा जन्मिएर क्रमशः खारिँदै र माझिँदै आएका उखानहरूमा ज्ञानका अनन्त किरणहरू सल्बलाएका हुन्छन् । कपिलवस्तु जिल्लामा प्रचलित उखानहरू पनि लामो अनुभव सँगालेका, धेरै कुरा बताउन सक्ने तर सूत्रात्मकरूपका छन् । तर यही सानो आकारभित्रै एक किसिमको सन्देश व्यक्त भएको हुन्छ । “अति गरे खती हुन्छ”, “एक हातले ताली बज्दैन”, “हत्केलाले सूर्य छेक्दैन”, “हुने विरुवाको चिल्लो पात, नहुने विरुवाको खस्रो पात”, “चिच्याएर बाठो र दौडेर छिटो हुन्न” आदि जस्ता उखानहरूमा भाव सादृश्यता र अर्थ गाम्भीर्यता पाइने हुँदा कपिलवस्तुका उखानमा सारगर्भितता भेटिन्छ ।

## ४.१.२ संक्षिप्तता

उखान साहित्यको छोटो र छरितो विधा हो । आकारमा छोटो र झ्वाट्ट प्रयोग गर्न सकिने भएकाले यसको लोकप्रियता बढ्दै आएको छ । दुईचार शब्ददेखि लिएर दुईचार वाक्यसम्मको आकारका उखानहरूमा एउटा सिङ्गो अनुच्छेद वा पाठको अर्थ खारिएर अटेको हुन्छ । “उम्रदै तीन पाते”, “जहाँ स्त्री, त्यहाँ श्री”, “नौ दुई ग्यार (एघार)” जस्ता अति संक्षिप्त उखानहरूदेखि “पैसा छैन लालकौडी, कुर्ता लाएर बजार

बजार दौडी", "अकबरे ससुरा, बकबरे पोइ, बाँदर्नी सासू कसो गरम् खोई", "भट्टराईले भट्ट भुट्यो, पोखेलले पोख्यो, नेउपानेले निहुँ खोज्यो, गोतामेले गोद्यो" जस्ता लामा आकारका उखानहरू कपिलवस्तुमा प्रचलित छन् । उखानहरूमा कुनै छोटो र कुनै लामो आकारका हुन्छन् तापनि लामो आकारकै उखानले पनि छोटो समयमै भन्न सकिने गरी धेरै कुरालाई समावेश गरेका हुन्छन् ।

## ४.१.३ सजीवता

उखानको महत्त्वपूर्ण गुण सजीवता हो । उखानले भाषामा प्राण सञ्चार गर्दै अभिव्यक्तिमा तीब्रता ल्याइदिन्छ । उखानमा लोकजीवनका तीता-मीठा अनुभवहरू यथार्थपरक ढङ्गमा अभिव्यक्त भएका हुन्छन् । उखानमा कुनै काल्पनिक र नसुहाउँदो कुरालाई जवर्जस्ती सिँगार-पटार गरेर राखिँदैन बरु सत्यता र यथार्थतामा रचित उखानलाई जीवन्तता र भावात्मक अर्थ चमत्कारले सजीव तुल्याएका हुन्छन् । प्रसङ्ग अनुसारको मुलकुरालाई चट्ट छोएर अर्थ-सामञ्जस्य कायम राख्न सक्ने उखानहरू लोकमानसमा स्वतः स्पन्दित हुन्छन् । हाँस्य-व्यङ्ग्यका दृष्टिबाट समेत उखानहरू रमाइला र सुधारात्मक स्वर दिने खालका हुन्छन् । जस्तैः "भाइ फुटे गवाँर लुटे", "दुई जोईको पोइ कुना बसी रोई", "हुने विरुवाको चिल्लो पात" आदि जस्ता उखानहरू परम्परादेखि चलि आएका हुन् तापनि वर्तमान समयसम्म यिनको व्यापक प्रयोग हुने गर्दछ । सन्दर्भअनुसार यिनको प्रयोग गर्दा भनाई निकै ओझपूर्ण हुन्छ । त्यसैले यिनीहरू पहिले जस्तै अहिले पनि जिउँदा-जाग्दा नै छन् ।

## ४.१.४ स्थानीयता

कुनै पनि ठाउँमा प्रचलित उखानहरूले त्यहाँको परिवेशलाई छोएका हुन्छन् । समाजका भाषिक, आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक आदि पक्षहरूको साथै भौगोलिकताको समेत अभिव्यक्ति दिनु स्थानीयता हो । स्थानीयता उखानको मह□वपूर्ण विशेषता हो । यही स्थानीयताले गर्दा नै उखानहरू समाजमा बढी प्रचलित र लोकप्रिय पनि हुन्छन् । कपिलवस्तु जिल्लामा प्रचलित उखानहरूले पनि यहाँको स्थानीयताको झल्को दिन्छन् । जस्तैः "कुकुर भुके हजार, हात्ती चले बजार", "जहाँ

केरा उही बाहुनको डेरा", "जहाँ दारु (रक्सी) उही थारू", "पत्थर कोटमा नून, बटौलीमा सून" उपति न पापति, तीन फेर तरे रापती । वर्षा लागे वाणगंगा (बाढ गंगा) हिउँदलागे सुकेगंगा जिल्ला सुगम सदरमुकाम दुर्गम, "पहाडेको सल्लाह मधिसेको हल्ला" आदि जस्ता उखानहरूले कपिलवस्तु जिल्लाको स्थानीय परिवेशलाई चिनाएका छन् ।

## ४.१.५ लोकप्रियता

सबैले मन पराउने हुनु लोकप्रियता हो । उखान सरल, सहज र गहकिलो विधा भएकाले लोकजीवनमा रत्तिएको छ । समाजभित्रका जुनसुकै वर्ग, पेसा, धर्म, लिङ्ग, उमेर, जातजाति आदिले पनि उखानको सहजै प्रयोग गर्न सक्दछन् । कपिलवस्तु जिल्लाका उखानहरू पनि लिखित रूपमा सङ्ग्रहित हुन पाएका त छैनन् तर प्रयोगमा कुनै कमी देखिँदैन । यसोहुनुको मूलकारण नै लोकप्रियता हो । उखान वक्ता र श्रोता दुवैले मनपराउने खालका हुन्छन् र एक जिब्रोबाट अर्को जिब्रोमा सर्दै जान्छन् । जस्तैः "पढो पढो पाठ सोह्र दुना आठ", "पैसा न कौडी बजार बजार दौडी", "पोहोर मरिन् सासू, अहिले आए आँसु", "मौका आउँछ पर्खिदैन, बगेको खोला फर्किदैन" आदि उखानहरू यस जिल्लाभित्र निकै प्रयोग हुन्छन् र प्रिय छन् ।

## ४.१.६ रूपविविधता

संरचनात्मक दृष्टिबाट हेर्दा कपिलवस्तुका उखानहरू विभिन्न रूपका देखिन्छन् । "तालुमा आलु फल्नु", "नौ दुई ग्यारह (एघार)", "पुस फास फुस" जस्ता लघु आकारका, "उसै त जोगी भाङ् खाएको", "आफूले पालेको कुकुरले आफैलाई टोक्छ", "धान खाने मुसो, चोट पाउने भ्यागुतो" जस्ता मझौला आकारका र "भट्टराईले भट्ट भुट्यो, पोखेलले पोख्यो, नेउपानेले निहुँ खोज्यो, गोतामेले गोद्यो", "टमाटरको टोकरी, बाँनीयाँको नोकरी, माडवारीकी छोक्री" जस्ता लामा आकारका गरी तीनै खालका उखानको प्रयोग भएको पाइन्छ । यसैगरी अन्य आधारमा पनि कपिलवस्तुका उखानको रूपविविधता हेर्न सकिन्छ । ती निम्नानुसार छन् :

क. तुकबन्दीयुक्त उखानः

- जहाँ केरा, उही बाहुनको डेरा
- पहाड बर्षियो, मधेस सर्सियो
- जहाँ गोबर, त्यहाँ दोब्बर

ख. प्रश्नोत्तर ढाँचाका उखान

- के खोज्छस्, काँना ? आँखो ।
- किन रोइस मंगले ? आफ्नै ढङ्गले ।
- खानु छ पानी, सुध्नु छैन घिउ, कहाँट लाग्छ जिउ ?

ग. गीतात्मक उखान

- इलमीका भागमा माछा र मासु
  
  अल्छीका भागमा आँसु ।
- विहानको अमिलो, दिउसोको राई
  
  बेलुकीको मूला कालको भाइ ।

घ. भाषान्तरप्रभावित उखान

- गैल भैंसी पानीम् ।
- हरामका आगे भूत भागे ।
- घोकन्ती विद्या धावन्ती खेती । आदि ।

## ४.१.७ स्वतः स्फूर्तता

उखानको सिर्जना लोक-जीवनबाट हुन्छ । यसमा कुनै सूत्र वा शास्त्रीय नियम लगाइएको हुँदैन । जीवनयात्राका क्रममा विशेष अवस्थामा झ्वाट्ट सिर्जना भई कथ्य भाषामा आफै पटक-पटक उच्चारित हुन थाल्ने भएकाले स्वतः स्फूर्तता उखानको विशेषता हो । कपिलवस्तु जिल्लामा प्रचलित उखानहरूमा पनि स्वतः स्फूर्तता देखिन्छ । त्यसैकारणले गर्दा यहाँका प्रत्येक जाति, वर्ग, पेसा, धर्ममा आबद्ध व्यक्तिहरूले उखानको

प्रयोग गरेको पाइन्छ । जस्तैः “हुने होस, नदिने होस्”, “कहाँ जालास मछडी मेरै ढडिया”, “बेर भएका बेला, गइछे बूढी मेला” आदि जस्ता उखानहरूमा स्वतः स्फूर्तता भेटिन्छ ।

### ४.१.८ सरलता

उखानको अर्को विशेषता सरलता हो । उखानहरू शिक्षित, अशिक्षित सबैले सजिलैसँग बुझ्न र प्रयोग गर्न सक्दछन् । कपिलवस्तुमा प्रचलित उखानहरू पनि सरल हुनुको साथै सरस छन् । सरल र सरस भएका कारणले यहाँको जन-जिब्रोमा उखानहरू निकै प्रचलित छन् । जस्तैः “जति जोगी आए पनि कानै चिरेका”, “भाग्य छ भनेर चाल्नामा दूध अडिन्न”, “भित्ताका पनि कान हुन्छन्” आदि उखानहरूमा कुनै जटिलता छैन । नेपाली भाषा बोल्ने व्यक्तिहरूले सजिलैसँग बुझ्न र प्रयोग गर्न सक्ने हुँदा सरलता कपिलवस्तुका उखानको विशेषता हो ।

## ४.२ कपिलवस्तु जिल्लामा प्रचलित नेपाली उखानहरूको वर्गीकरण

उखानहरू समाजका द्रष्टा हुन् । उखानका माध्यमबाट समाजको धर्म-संस्कृति रीतिरिस्थिति, रहनसहन, जातजाति लगायत अन्य विविध पक्षहरूको अभिव्यक्ति हुन्छ । उखानले विभिन्न विषयहरूलाई आत्मसात गर्दै विभिन्न संरचनात्मक स्वरूप समेत घारणा गरेको हुन्छ । कपिलवस्तुमा प्रचलित नेपाली उखानहरू पनि विविध विषयहरूसँग सम्बन्धित तथा भिन्न भिन्न संरचनात्मक स्वरूप भएका छन् । यहाँका उखानहरूले ग्रहण गरेका विषय र संरचनात्मक स्वरूपको आधारमा उखानको वर्गीकरण गर्ने प्रयास गरिन्छ ।

उखानको वर्गीकरणका सम्बन्धमा धेरैजसो लोकसाहित्यविद्हरूले रूपात्मक र विषयात्मक दुईवटा आधारहरूलाई मुख्य ठानेका छन् । त्यसैले यहाँ कपिलवस्तुका नेपाली उखानको रूपात्मक र विषयात्मक आधारमा वर्गीकरण गरिएको छ ।

## ४.२.१ रूपात्मक वर्गीकरण

उखानलाई बाहिरी आवरणको आधारमा वर्गीकरण गर्नु नै रूपात्मक वर्गीकरण हो । रूपपक्ष उखानको मूल आधार वा शरीर हो । रूपात्मक दृष्टिबाट उखानको वर्गीकरण गर्दा यसको अर्थ सामर्थ्य, रूप, लय, छन्द, अलङ्कार आदिलाई आधार लिइन्छ । रूपका आधारमा उखानलाई दुई भागमा बाँड्न सकिन्छ -

१) शब्दशक्तिमूलक दृष्टि २) संरचनात्मक दृष्टि

### ४.२.१.१ शब्दशक्तिमूलक दृष्टि

उखानले वहन गरेको अर्थको आधारमा उखानको वर्गीकरण गर्नु नै शब्दशक्तिमूलक दृष्टि हो । उखानहरूले वाच्यार्थ, लक्ष्यार्थ र व्यञ्जनार्थमध्ये एउटा अर्थ बहन गरेको हुन्छ । कपिलवस्तुमा प्रचलित उखानहरूलाई पनि अर्थ सामर्थ्यको आधारमा अभिधामूलक, लक्षणामूलक र व्यञ्जनामूलक गरी तीन भागमा विभाजन गर्न सकिन्छ ।

कपिलवस्तुमा प्रचलित कतिपय उखानहरूले अन्यार्थ नबुझाई सोझो वा वाच्चार्य नै व्यक्त गर्दछन् । हुन त उखानहरू प्रायः लक्ष्यार्थ नै हुन्छन् तर उखानमा सम्लग्न तत्त्वहरू र त्यसको सामूहिक अर्थ सोझो रूपमा आउने उखानलाई अभिधामूलक उखान भनिन्छ । कपिलवस्तुमा प्रचलित केही अभिधामूलक उखानहरू निम्न अनुसार छन्: “मूल्लाहको दौड मस्जिद तक”, “मकै पाके, बकेर्ना थाके”, “वकुल्लाको जस्तो ध्यान” आदि । उल्लेखित उदाहरणहरूलाई हेर्दा यी उखानमा भन्न खोजिएको कुराले कुनै वाङ्गोटिङ्गो अर्थ नदिएर सोझो अर्थ दिएका छन् । यहाँका मुस्लिम धर्मावलम्बी (मूल्लाह) ले मस्जिदमा प्रार्थना गर्न जान्छन् भन्ने कुरा अनौठो छैन । यसैगरी दोस्रो उदाहरणमा मकैका डाँठ (नल) खाँदासम्म बकेर्ना भैंसीले दूध दिन्छन् र जब मकैं पाकेर डाँढ सिध्धिन्छन् तब भैंसीले दूध दिन छाड्छन् तेस्रो उदाहरणमा बकुल्लो शान्त भएर बस्न सक्ने चरो भएकाले बकुल्लाको जस्तो ध्यान भन्ने उखानमा सोझो अर्थ नै व्यक्त हुन्छ ।

लक्षणामूलक उखानहरूले भने अभिधार्थमा बाधा उत्पन्न गरी लक्ष्यार्थ बुझाएका हुन्छन् । कपिलवस्तुका नेपाली उखानहरू मध्ये कैयौं उखानहरू यस प्रंवृत्तिका छन् । जस्तैः "गोरूको बूढो भीर खोज्छ, मान्छेको बूढो निहुँ खोज्छ", "नानीभन्दा आची ठूलो", "हल्ला अनुसारका चल्ला भएनन्" आदि उखानहरूले सोझो अर्थमा भन्दा लक्ष्यार्थमा अर्थ स्पष्ट पार्दछन् । उल्लेखित पहिलो उदाहरणमा बूढो गोरूले भिर खोज्दै हिड्छ भन्ने नभएर आफूले नसक्ने ठाउँमा पनि जान खोज्छ भन्ने अर्थ र बूढा मानिसले अरूलाई निहुँ खोजीए जिस्क्याउँछ भन्ने अर्थ नभएर सामान्य कुरामा पनि चित्त बुझाउन सक्दैनन् भन्ने लक्ष्यार्थ लागेको छ ।

व्यञ्जनामूलक उखानहरूले माथिका दुवै (अभिधा र लक्षणा) भन्दा फरक अर्थ बुझाउँदछन् । कुनै पनि उखानले अभिधार्थ बुझाईसकेपछि पनि त्यसको तात्पर्य अझ स्पष्ट हुँदैन र अर्को अर्थ पनि बुझाउँछ भने त्यो उखान व्यञ्जनामूलक हुन्छ । कपिलवस्तुमा यस्ता व्यञ्जनामूलक उखानहरू प्रशस्त मात्रामा प्रचलित छन् । जस्तैः "अर्काको बाछो चाटी, मुखभरि रौं", "उपती न पापती, तीन फेर तरे रापती", "चार आना मुर्गी (कुखुराको मासु) लाई सोह्र आना मसला", "मेरो गोरूको बाह्रै टक्का", "हरूवा गोरूका छेरुवा कुरा", "हात्तीको मुखमा जिरा" आदि । उल्लेखित उखानहरूको सोझो अर्थ (शब्दार्थ) एकातिर छ भने खास बताउन खोजेको तात्पर्य अर्कैतिर हुन्छ । पहिलो उदाहरणलाई हेर्दा- अर्कै गाईको बाछो चाट्दिएर चाट्नेवाला गाईलाई मुखमा रौं हुन्छ भन्ने शाब्दिक अर्थ लाग्दछ तर यस उखानको खास तात्पर्य चाहिँ "गुन नमान्ने व्यक्तिलाई जति सेवा गरे पनि केही फाइदा छैन बरु उल्टै आरोप आउन सक्छ" भन्ने हुन्छ ।

यसरी शब्दशक्तिमूलक ढङ्गबाट हेर्दा कपिलवस्तुका उखानहरू तीनै किसिमका प्रचलित छन् ।

### ४.२.१.२ संरचनात्मक दृष्टि

रूपात्मक आधारमा उखानको वर्गीकरण गर्दा संरचनात्मक वर्गीकरणलाई पनि महत्त्वपूर्ण मानिन्छ । उखानको बाह्य बनावट आकार तथा त्यसको निर्माण प्रकृतिलाई

अध्ययन गरी वर्गीकरण गर्नु संरचनात्मक दृष्टिबाट गरिएको वर्गीकरण हो । उखानको बनावटमा पाइने गद्यात्मक शब्दसंयोजन, आलङ्कारिकता आदिका आधारमा कपलिवस्तुमा प्रचलित उखानलाई निम्नअनुसार वर्गीकरण गर्न सकिन्छः

क) अनुप्रासमूलक उखान

- पहाड वर्षियो, मधेस सर्सियो
- उपती न पापती तीन फेर तरे रापती
- ईख नभएको छोरो, विख (विष) नभएको सर्प

ख) उपमामूलक उखान

- हलको गोरू वेची, चैतलाई पाखी
- भुक्ने कुकुरले टोक्दैन

ग) गीतात्मक उखान

- एक पैसाको सुपारी, दुई पैसाको पान,तेरा बाउले माछो मार्‍यो, पुच्छर समाई तान ।
- अघि मेरा सुदिनमा दही खा भन्दा खाइन, ऐले मेरा कुदिनमा महीको पानी पाइन ।

घ) तुकबन्दीयुक्त उखान

- सोम खेत बुध घर, जे जे लाग्यो त्यही गर
- हजार वर्ष खडा, हजारवर्ष पडा, हजार वर्ष सडा

ङ) प्रश्नमूलक/प्रश्नोत्तरात्मक उखान

- के गर्छेस् बुहारी ?

  उही पोख्छु उही उठाउँछु ।
- के खोज्छन् काँना ? आँखो ।
- खानु छ पानी, सुँध्नु छैन घ्यू, कसरी लाग्छ ज्यू ?

उल्लेखितबाहेक आकारको आधारमा पनि लघु, मझौला र वृहत् गरीइ वर्गीकरण गर्न सकिन्छ । जस्तैः

लघु आकार :-

- सङ्गत गुनाको फल
- हलो काटी मुङ्ग्रो । आदि

मझौला आकारः-

- मगरको बूढो कोट, बाहुनको बूढो गोठ
- खुर्सानी विना भान्सा अड्किन्न । आदि ।

बृहत आकारः-

- तमाखुको मान चिउराको पूरा, भरि लोटा पानी, उचाकाका कुरा
- एक दिनको पाहुना मीठो मीठो खा, दुई दिनको पाहुना जसोतसो खा, तीन दिनको पाहुना जतासुकै जा । आदि ।

## ४.२.२ विषयात्मक वर्गीकरण

लोकसाहित्यका हिसावले धनी कपिलवस्तु जिल्लामा उखानहरूको प्रयोग पनि व्यापक रूपमा हुने गरेको पाइन्छ । यहाँका जुनसुकै पेसा, धर्म आदिमा आबद्ध शिक्षित, अशिक्षित, बालक-बृद्ध सबैले प्रशस्त मात्रामा उखानको प्रयोग गर्दछन् । त्यसैले उखानको सम्बन्ध यहाँका सबै विषय-क्षेत्रसँग गाँसिएको छ । उखानले कुनै न कुनै विषय ग्रहण गरेको हुन्छ । यस वर्गीकरण अन्तर्गत उखानका आन्तरिक तत्त्वलाई चिनाउने काम गरिन्छ । "उखानको चरम परिणति विषयमा नै हुन्छ" भन्ने भनाइमा पनि यो स्पष्ट हुन्छ ।

विषयका आधारमा उखानको वर्गीकरण गर्ने क्रममा पनि विद्वान्हरूको मतैक्यता पाइँदैन । विभिन्न विद्वान्हरूले आ-आफ्नै तरिकाले उखानको वर्गीकरण गरेका छन् तापनि मुख्य-मुख्य विद्वान्हरूले गरेको वर्गीकरण यस प्रकार छ-

भारतीय विद्वान् डा. कुन्दनलाल उप्रेतीले उखानलाई विषयका आधारमा आठ भागमा बाँड्दै आफ्नो वर्गीकरणलाई आदर्श वर्गीकरण भनेका छन् । उनको वर्गीकरण यसप्रकार छ :- १) सामाजिक तथा नैतिक, २) ज्ञानदर्शन तथा साहित्यसम्बन्धी, ३)

शिक्षा तथा साहित्यसम्बन्धी, ४) कृषि तथा ऋतुसम्बन्धी, ५) स्थानसम्बन्धी, ६) लोक विश्वास सम्बन्धी, ७) जीवजन्तु तथा पशुपंक्षी सम्बन्धी, ८ प्रकीर्ण ।[३३]

नेपाली लोकसाहित्यका अध्येताहरूमध्ये कृष्णप्रसाद पराजुलीले उखानको विषयात्मक वर्गीकरण पाँच प्रकारले गरेका छन्- १) सामाजिक तथा नीतिचेतना सम्बन्धी, २) ज्ञान-विज्ञानसम्बन्धी, ३) कृषि-व्यवसायसम्बन्धी, ४) लोकविश्वास सम्बन्धी, ५) विविध विषयसम्बन्धी ।[३४]

उल्लेखित विद्वान्हरूको वर्गीकरणले कपिलवस्तुका नेपाली उखानको वर्गीकरण गर्ने आधार प्रदान गरेका छन् । यहाँका उखानहरूलाई विषयात्मक आधारमा वर्गीकरण गर्दा निम्नानुसार दश भागमा विभाजन गर्न सकिन्छ :

| | |
|---|---|
| १. कृषि-व्यवसाय विषयक | २. नीति-शिक्षा विषयक |
| ३.लोकविश्वास र जीवन-दर्शन विषयक | ४. सामाजिक रीतिस्थिति विषयक |
| ५. आर्थिक पक्ष विषयक | ६. पशुपंक्षी विषयक |
| ७. ज्ञान-विज्ञान विषयक | ८. प्रकृति-जगत् विषयक |
| ९. स्थान-विशेष विषयक | १०. विविध विषय सम्बन्धी । |

### ४.२.२.१ कृषि-व्यवसाय विषयक

कृषि उत्पादनका हिसावले नेपालका अन्य जिल्लाभन्दा कपिलवस्तु अगाडि छ । यहाँका अधिकांश मानिसहरूले कृषि पेसामा रहेर जीवन निर्वाह गर्दछन् । कृषि पेसामा आबद्ध भई विभिन्न खालका कृषि उपज उत्पादन गर्ने कृषकहरूको गफ-गाफ र कुराकानी पनि धेरैजसो तिनै पक्षसँग सम्बन्धित रहने गर्दछन् । विभिन्न बालीहरू लगाउने समय, तिनलाई आवश्यक पर्ने जमिनको तयारी, पानी, कृषि औजारहरूको चिनारी, खेतिपाती लगाउने तरिका आदि कुराहरू उखानमा अभिव्यक्त हुन्छन् । जस्तैः “जहाँ डल्ला उहीँ तोरी फल्ला”, “बसेको वियाँलो मसुराको कोसो”, “मानो लगाएर

[३३] कुन्दनलाल उप्रेती, पूर्ववत्, पृ. १७८ ।

[३४] कृष्णप्रसाद पराजुली, पूर्ववत्, पृ. ४३ ।

मुरी फलाउने", "माटो खने पैसा भेटिन्छ", "जहाँ गोबर त्यहाँ दोब्बर", "असारमा रोपे पो मंसिरमा फल्छ", "धावन्ती खेती, घोकन्ति विद्या", "अनिकालमा विउ जोगाउनु हुलचालमा जिउ जोगाउनु", "गोडी चल्दैन बोडी फल्दैन", "घरै पिडालु वनै पिडालु ससुराल जाँदा वाह्र हातको पिडालु", "जोतेर भ्याएका राँगा, रोपेर भ्याएका खेतारी", "जोत्न नजाने खन्न पर्छ, हग्न नजाने कन्न पर्छ", "टुहुरीको खेती फट्याङ्ग्राले मेटी", "टाढाको खेती नजिकका बेटी", "वेर भएका बेला गइछे बूढी मेला", "भोकाएका हलिले गोरू पिट्छ", "मेवाको रुखको हलो न बलो" आदि ।

### ४.२.२.२ नीति-शिक्षा विषयक

उखानहरूले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा शिक्षा दिइरहेका हुन्छन् । कपिलवस्तुमा प्रचलित उखानहरूले पनि ठीक-बेठीक, असल-खराब कुराहरूमा गहकिला उपदेश दिएका छन् । यस्ता उखानहरूले मानिसलाई नराम्रो काममा लाग्नबाट जोगाएर कर्तव्यनिष्ठ र इमान्दार बन्न थप प्रेरित गर्दछन् । यस्ता केही उखानहरू निम्नानुसार छन्ः- "अर्काको नाँसो, गलाको पासो", "अति गरे खति हुन्छ", "अभागीलाई खाने बेलामा रिस उठ्छ", "अरू घोडा चढे भनेर आफू कुकुर चढ्न हुन्न", "अंश खानेले वंश थाम्नु पर्छ", "थुनेको पानी र सुनेको कुरामा विश्वास नगर्नु", "मौका आउँछ पर्खिदैन, बगेको खोला फर्किदैन", "शरणको मरण गर्नु हुन्न", "सबै खानु हरेस नखानु", "सोझा औंलाले घिउ आउन्न", "सुखमा नमात्तिनु, दुःखमा नआत्तिनु", "सेवा गरे मेवा मिल्छ" आदि ।

### ४.२.२.३ लोकविश्वास र जीवन-दर्शन विषयक

समाजमा विभिन्न किसिमका रूढी, परम्परा र विश्वासहरू हुन्छन् । तिनले जनसाधारणमा ठूलो प्रभाव पर्दछन् । कपिलवस्तुमा पनि वैज्ञानिक तथ्यद्वारा पुष्टि गर्न नसकिने लोकविश्वासमा आधारित परम्पराहरू छन् । यस्तै रूढी, परम्पराले गर्दा यहाँका बासिन्दाहरू भाग्य र ईश्वरमाथि विश्वास राख्ने खालका उखानहरू पनि प्रयोग गर्दछन् । उदाहरण स्वरूप केही उखानहरू लिन सकिन्छ : "एकचोटीलाई देउताले पनि माफ गर्छन्", "कलि आजको भोलि", "छ्यान-विछ्यान भगवानले गछ्न", "ढुङ्गो

खोज्दा देउता मिल्नु", "घोत जानेलाई ओत नदिनु", "बूढी मोरी भनेर रुन्न काल पल्क्यो भनेर रुन्छु", "दशा लागेका बेला दशथोक हुन्छ", "शनिको छुट्टी, मंगलको भेट, कि दुख्छ टाउको, कि दुख्ला पेट", "भाग्यमानीको भूतै कमारो", "हुने हार दैव नटार", "भाग पुग्दो खाने, काल पुग्दो मर्ने", "कर्मले हारेको स्वास्नीले जारेको"। "नदिने बराजुले बुधवार बार्छिन", "देउता पुज्ने नर्ग पर्दैन, कोदालो खन्ने भोकले मर्दैन", "दैवका लाट्ठी सबै माथि", "दैव दुःख नदे आफै दुःख पा" आदि ।

## ४.२.२.४ सामाजिक रीतिस्थितिविषयक

मानिस सामाजिक प्राणी हो । उसले समाजमा बसेर विभिन्न कुराहरू सिक्दै जान्छ । भाषा सिक्दा र बोल्दा पनि समाजका चालचलन, रीतिस्थिति, धर्म, संस्कृति आदिले प्रभाव पारेका हुन्छन् । उखानहरू यस्तै अन्तरक्रियाद्वारा निर्माण हुन्छन् र प्रयोग हुँदै जान्छन् । समग्रमा हेर्दा उखानहरू सामाजिक विषयसँग सम्बन्धित नै हुन्छन् । समाजमा रहँदा बस्दा मानिसले के-कस्ता कर्तव्यहरू पूरा गर्नुपर्दछ, उसको पारिवारिक तथा सामाजिक जनजीवन कसरी चलेको छ आदि विषयसँग सम्बन्धित उखानहरू नै सामाजिक रीतिस्थिति विषयक उखानहरू हुन् । कपिलवस्तु जिल्लामा सामाजिक रीतिस्थितिलाई झल्काउने गरी कैयौं उखानहरू बोलिन्छन् । "कर्म नगरी धर्म मिल्दैन", "जहाँ दारु (रक्सी) उहीँ थारू", "अघिपछि अन्त चैतमा जन्त", "जहाँ केरा उहीँ बाहुनको डेरा", "ढाँटीढुँटी बिहे मारीमेटी न्याय", "झगडा नभए दुईटी स्वास्नी ल्याउनु, ऋण नलागे सुती पस्नु", "श्राद्धको सालो तिहारको ज्वाइँ", "पुसमा विहे गर्दिनी र चैतमा खीर खान दिने धेरै हुन्छन्", "छोरो पाए खसी, छोरी पाए फर्सी", "पाहुना चम्काउने, खेतारो पल्काउने", "लोग्ने स्वास्नीको झगडा परालको आगो", "टुहुराको भाग्य कन्नापछाडि", "मुल्लाह (मुलवी) को दौड मस्जिदतक (मुस्लिम धर्ममा)", "देउता न पित्र मुखभित्र", "जताजता बाहुन बाजे उतैउतै स्वाहा", "जिउँदाको जन्ति मर्दाको मलामी", "छोरो पाउने कहिले हो कहिले, भोटो सिउने अहिले", "छोरी मरी, ठूलो घर परी", "गाउँको गिद्ध देशको सिद्ध", "मरेको मधिसेले जिउँदो पहाडेलाई ठग्छ" आदि उखानहरू यहाँको सामाजिक रीतिस्थिति चिनाउने खालका छन् ।

### ४.२.२.५ आर्थिकपक्ष विषयक

कपिलवस्तु जिल्ला आर्थिक विषमता भएको ठाउँ हो । "सुकुम्वासीदेखि हुकुमवासी बस्ने ठाउँ" भन्ने जस्ता उखान प्रचलित हुनु यहाँको आर्थिक असमानताको कारण हो । कपिलवस्तु जिल्लाका अधिकांश मानिसहरू कृषि पेसामा आबद्ध छन् तापनि खेतियोग्य जमिनको सामानुपातिक वितरण नहुनु, आधुनिक कृषिप्रणालीको जानकारी नहुनु, सिंचाइको अभाव हुनु आदि कारणहरूले गर्दा मानिसको आर्थिक अवस्था कमजोर छ । हुने खाने, गरी खाने र मागी खानेहरूको बसोबास भएको यस जिल्लाभित्र आर्थिक विषमताले उत्पन्न गराएका विकृतिहरूसँग सम्बन्धित उखानहरू प्रचलित छन् । एउटा उदाहरणलाई हेरौँ-कपिलवस्तुमा हाट-बजारहरू लाग्ने गर्दछन् । आर्थिक स्रोत राम्रो भएका व्यक्तिहरू बजारमा गई अनेक थरीका वस्तुहरू किन्न सक्दछन् तर गरीवहरूका लागि बजार जानु रमाइलो मात्र हो, उनीहरूले मन परेको वस्तु किन्न सक्दैनन् । त्यसैले "पैसा छैन लालकौडी, कुर्ता लाएर बजारतिर दौडी" भन्ने उखानमा आर्थिक समस्या देखिन्छ । यस्ता अन्य नमूनाहरू "दुई पैसाको आम्दानी छैन, चार पैसाको खती", "धन भए भाँति छोरा भए नाति", "माग्दा मइन, खाँदा चैन, तिर्दा ऐन (ऋण)", "एक छाक मकै अर्को छाक भोकै", "एक पैसाको लिन दिन कुरा गर्ने तीनदिन", "एकपैसाको सुपारी, दुई पैसाको पान", "तेरा बाउले माछो मार्‍यो, पुच्छर समाई तान", "छ लुगा छ जाडो, छैन लुगा छैन जाडो", "ताइ न तेल पका बूढी सेल", "दमैले माग्न जान्दैन, पिलाले हुन जान्दैन", "दशैं आयो दशा लाग्यो", "दशैंमा बुझ्ने हो, दशतिर टाल्ने हो", "दार बेच्नेलाई दार्दले छोड्दैन", "दाल भात तरकारी, ज्यान धन सरकारी", "जो गरीव उही हरिप", "दूध निल्नु भात थुक्नु", "कसैका पैसा खातै-खात, कसैका घात न बास" आदि ।

### ४.२.२.६ पशुपंक्षी विषयक

मानिसका दैनिक क्रियाकलापहरू पशुपंक्षी तथा किराफट्याङ्ग्रासँग सरोकार राखेका हुन्छन् । नेपाली उखानले अन्य प्राणीबाट कतिपय राम्रो कुराहरूको अनुकरण गर्न सल्लाह दिन्छन् भने नराम्रा कुराहरूलाई त्याग्न लगाएर मानिस सभ्य हुनुपर्ने

आग्रह गर्दछन् । पशुपंक्षीका गुण, दोष, स्वभाव आदिको अभिव्यक्ति दिने यस्ता उखानहरू कपिलवस्तुमा पनि प्रशस्त छन् । घरपालुवा तथा जङ्गली पशुपंक्षीका व्यवहार/स्वभावमा आधारित उखानहरू कपिलवस्तुको हरेक क्षेत्रमा प्रचलित छन् । केही उदाहरणहरू: "अक्कर नपरी सर्पले टोक्दैन", "अर्काको बाछो चाटी मुखभरि रौं", "अजिङ्गरको आहारा दैवले पुऱ्याउँछ", "कहाँ जालास मछडी मेरै ढडिया", "कुकुर भुके हजार हात्ती चले बजार", "छेपाराको शास्त्र", "झिँगाका रिसले डिँगो मर्दैन", "बूढो गोरू बेची चैतलाई पाखी", "बाघ बूढो र स्याल तन्नेरी", "बाघका छालामा स्यालको रजाइँ", "भैँडाले मुख बाउस न कुभिण्डो खाउस", "भ्यागुताको धार्ने कहिल्यै पुग्दैन", "मंसिरमा मुसाले पनि सातवटी स्वास्नी ल्याउँछ", "अरिङ्गालका गोलामा ढुंगाले हान्नु", "कौवाले आफ्नो नाम आफै कढ्छ", "कुकुर मोटो भएपनि काटी खान हुन्न", "तित्राको मुखै वैरी", "घोडाले खाएको र छोराले खाएको खेर जान्न", "भैंसीका अगाडि चिन बाजा बजाई", "मर्ने बेलामा किमिला (कमिला) को पखेटा आउँछ", "माउभन्दा चल्ला बाठा" आदि ।

### ४.२.२.७ ज्ञान-विज्ञान विषयक

उखान लोकसाहित्यिक विधा भएकाले पूर्णतः वैज्ञानिक तथ्यमा आधारित हुँदैन । तर कैयौं उखानहरूमा व्यवहारिक सत्यता चाहिँ निश्चय प्रकट हुन्छ । यसै प्रसङ्गमा लोकसाहित्यविद् कृष्णप्रसाद पराजुली भन्दछन्- "लोक अनुभवको निरीक्षण तथा पर्यवेक्षणका कसीमा घोटिएका यी उखानले जीवनका यथार्थ चिन्तन, दर्शन तथा दृष्टिकोण पेस गरेको पाइन्छ । यस प्रकार नेपाली उखानमा सैद्धान्तिक तथा व्यवहारिक ज्ञान, दर्शन, मनोविज्ञान, भाषा, गणित, ज्योतिष आदि विषयसम्बन्धी उखानहरू देखिन्छन् ।"[३५] कपिलवस्तु जिल्लामा प्रचलित उखानहरू लोकअनुभव र निरीक्षणमा खारिएका वैज्ञानिक दृष्टिकोण दिन सक्ने खालका छन् । जस्तैः "काइदा जाने फाइदा हुन्छ", "कागती खानेले वियो (विऊ) खान्छ, अदुवा खानेले बोक्रो", "जग बलियो भए घर बलियो हुन्छ", "दाँत बलिया भए आँत बलियो हुन्छ", "चुलिएपछि पोखिन्छ",

[३५] कृष्णप्रसाद पराजुली, पूर्ववत्, पृ. ४३ ।

"कुकुरको जस्तो निद्रा", "बकुल्लाको जस्तो ध्यान", "कौवा जहाँका पनि कालै हुन्छन्", "आधागाग्रो पानी छचल्किन्छ", "उखु खारी चिनी दूध खारी नौनी", "एकोहोरो रोटी पाक्दैन", "घाँटी हेरी हाड निल्नु", "दिनको संकेत विहानले गर्छ" आदि उखानहरू ज्ञान-विज्ञान विषयक छन् ।

### ४.२.२.८ प्रकृति-जगत् विषयक

प्रकृति र मानिस बीच घनिष्ट सम्बन्ध रहन्छ । प्रकृतिको नियमअनुसार नै मानिसएका गतिविधिहरू सञ्चालित हुन्छन् । मानिसले प्रकृतिका विभिन्न गतिविधिहरूलाई अध्ययन गरी निष्कर्ष स्वरूप भन्दै गरेका अभिव्यक्तिलाई प्रकृति जगत विषयक उखान भनिन्छ । कपिलवस्तुमा प्रचलित प्रकृति जगत विषयक उखानहरू यस प्रकार छन् :- "गर्जने मेघ वर्षदैन", "डाँडाका रुखला बतासले हान्छ", "वर्षा लागे वाणगङ्गा, हिउँद लागे सुकेगङ्गा", "वनको काँडो कस्ले तिखार्छ र ?", "ह्याएका ( नटेरेका) खोलाले बगाउँछ", "हरियो वन नेपालको धन", "पिटे पनि आमै जाती पोले पनि घामै जाती", "मौका आउँछ पर्खदैन बगेको खोला फर्कदैन", "राँडीका मुखको गाली, वर्षाका मुखको घाम", "राततरहे अग्राख पलाउँछ", "भदौमा आँखा फुटेका गोरूला सधै हरियो", "चैतमा फालेको काठ असारमा काम लाग्छ" आदि ।

### ४.२.२.९ स्थान-विशेष विषयक

कुनै पनि समुदायमा प्रचलित उखानहरूलाई अध्ययन गरी सम्बन्धित ठाउँका कतिपय स्थानको परिचय पाइन्छ । कपिलवस्तु जिल्लाभित्रका विभिन्न स्थानको परिचय पनि यहाँ प्रचलित उखानले दिन्छन् । कपिलवस्तु नेपालको सुगम जिल्लाहरू मध्येमा पर्दछ । यस जिल्लामा पूर्वपश्चिम राजमार्गले छोएको छ । तर जिल्लाको सदरमुकाम तौलिहवा पूर्वपश्चिम राजमार्गभन्दा २१/२२ कि.मि. दक्षिणमा पर्ने भएकाले त्यहाँ पुग्न केही कठिनाई बेहोर्नु पर्दछ । यसै सन्दर्भलाई लिएर एउटा उखान प्रचलित छ- "जिल्ला छ सुगम, सदरमुकाम दुर्गम" यस्तै अन्य उखानहरूः "गङ्गाका जलले सूर्यलाई अर्घ", "उपति न तापति तीन फेर तरे रापती", "पत्थरकोटमा नून, बटौलीमा सुँन", "बटौलीमा पानी पर्ने खसौलीमा छाता ओड्ने", "वुद्धको देश बुद्धुको भयो", "पहाड

खाने आइमाईका बल, मधेस खाने गोरूका बल", "तराई हैन त्राही (डर) हो", "पेट ठूलो कि दश विगाहा खेत ठूलो ?" आदि हुन् ।

### ४.२.२.१० विविध विषयसम्बन्धी

उल्लेखित शीर्षकहरूबाहेक कपिलवस्तुमा प्रचलित उखानहरूलाई यहाँ विविध विषयसम्बन्धी शीर्षकअन्तर्गत राखिएको छ । कपिलवस्तुमा इतिहास, हास्यव्यङ्ग्य विषयक उखानहरूका साथै अन्य भाषाको मिसावट भएका मिश्रित उखानहरू समेत प्रचलित छन् ।

कपिलवस्तु जिल्लाको सीमाना भारतसँग जोडिएको हुनाले यहाँ हिन्दी भाषाको मिश्रण भएका उखानहरू पनि बोलिन्छन् । जस्तैः "घरके मुर्गी दाल बराबर", "हरामका आगे भूत जागे", "अघि होते चेते नही, पछि चेते होते नही", "लातको भूत बातले मान्देन" आदि । यसैगरी कपिलवस्तु जिल्लामा थारू र अवधी भाषा पनि बोलिने हुँदा ती भाषा मिश्रित उखानहरू पनि बोलिन्छन् । जस्तैः "गइल भैंस पानी में", "घरेम भुजरिन भाङ, कुकुर बाँडे चिउरा", "जेकर लाठी ओकर भैंस", "जित्ना दाम उत्ना काम", "जैसे काँकर, ओइसे वियाँ, जैसन माई ओइसन जियाँ" आदि । यीबाहेक संस्कृत भाषा मिश्रित उखानहरूको पनि प्रयोग हुने गर्दछ । "विनाशकाले विपरित बुद्धि", "इदं भ्रष्टम, उदम् भ्रष्टम्" आदि यसका उदाहरण हुन् ।

कपिलवस्तुमा प्रचलित कतिपय उखानहरू हाँस्यव्यङ्ग्यात्मक छन् । यस्ता उखानहरूले सामाजिक विकृति, विसङ्गति प्रति व्यङ्ग्य प्रहार गरी हाँसो उत्पन्न गर्दछन् । "उपियाँ भरि फड्केर गए जुम्राको कच्रघान", "उक्लेका गोरूको फुक्लेको सिङ्", "जस्का जौ खानु उसैका जुँगा गोड्नु", "तीन हाते मान्छेका नौ हाते जुँगा", "बाहुनको टुप्पी, एन्टिना न एरियल", "भैंसीको आँखामा कालो चश्मा", "सुकेका जिउमा लुकेको शक्ति हुन्छ", "पढो पढो पाठ सोह्र दुना आठ", "जोगी देखेर भैंसी तर्सिने, भैंसी देखेर जोगी तर्सिनी", "पेटमा पाठो काखमा नाठो" आदि यसका उदाहरण हुन् । यसैगरी कपिलवस्तुमा ऐतिहासिक घटना विषयक उखानहरू पनि प्रचलित छन् । "जङ्गे बोल्यो कि डोल्यो", "जहाँ राम उही अयोध्या", "बुद्धको देश बुद्धुको भो" आदि उखानले इतिहास सम्बन्धी जानकारी दिन्छन् ।

यसप्रकार कपिलवस्तु जिल्लामा प्रचलित उखानहरूलाई रूपात्मक र विषयात्मक दृष्टिबाट विभाजन गर्न सकिन्छ । यी उखानहरूले कपिलवस्तुको परिवेश चिनाएका छन् । साथै कपिलवस्तुबासीको दैनिक जीवनमा प्रेरणा र प्रभाव प्रदान गरेका छन् ।

## ४.३ कपिलवस्तुमा प्रचलित उखानको विश्लेषण

उखान लोकसाहित्यको एक महत्त्वपूर्ण विधा हो । उखानमा लोकजीवनमा अनुभव भोगाइ र ज्ञानको निचोड भेटिन्छ । कुनै पनि समाजको भौगोलिक, सामाजिक, आर्थिक, सांस्कृतिक, भाषिक आदि विविध पक्षको यथार्थ जानकारीका लागि त्यस समाजमा प्रचलित उखानहरूले ठूलो सहयोग पुऱ्याएका हुन्छन् । उखानले समाजभित्रका यिनै विविध पक्षहरूलाई सूत्रात्मक र खिरिलो रूपमा अभिव्यक्त गर्न सक्दछन् । "उखानभित्र जाति वा समाजको आस्था, विश्वास, सङ्घर्ष, संस्कृति, सङ्गठन, भाषा, शैली आदिको यात्रा लुकेको हुन्छ ।"[३६]

कपिलवस्तु बहुसांस्कृतिक, बहुजातीय र बहुभाषिक जिल्ला हो । यहाँका सबै मानिसहरूको लवाइ-खवाइ र बोलिचाली एकै किसिमको छैन । यहाँका केही चालचलन, रीतिरिवाज, रहनसहन, आनिबाँनीहरू अन्यत्रभन्दा पृथक देखिन्छन् र तिनको अभिव्यक्ति उखानहरूमा भएको हुन्छ । तराई र पहाडको भौगोलिक निकटतालाई लिएर "पहाड वर्षियो मधेस सर्सियो" जस्ता उखानहरू बोलिन्छन् भने यहाँका विशाल फाँटहरू चिनाउने "पेट ठूलो कि दश विगाहा खेत ठूलो" आदि उखानहरू पनि प्रचलित छन् । "खाए भात नखाए लात" जस्ता उखानले यहाँको लवाईखवाइलाई चिनाउँछन् । "कुरा अरे धेरै हुन्च, बसे बेरै हुन्च" जस्ता उखानले यस भेकमा बोलिने भाषिक भेदहरूलाई जनाउँछन् । "काम गर् पराने, सक्दिन बराजु, खान उठ् पराने ज्यु बराजु" आदि उखानले यहाँ विद्यमान दलित जातिको भाषागत विशेषता 'बराजु' जस्ता शब्दबाट देखाएका छन् । यस्तै र यी बाहेकका उखानहरूले कपिलवस्तुको विविध पक्षलाई चिनाउन खोजेका छन् । कपिलवस्तुमा प्रतिबिम्बित लोकजीवनका महत्त्वपूर्ण पक्षहरूलाई यहाँ संक्षेपमा विश्लेषण गरिन्छ ।

---

[३६] सुकुम शर्मा, आँधिखोला क्षेत्रमा प्रचलित उखानको अध्ययन, निरन्तर प्रकाशन बागबजार, काठमाडौं, वि.सं. २०६२, पृ. १ ।

## ४.३.१ कपिलवस्तुका उखानमा चित्रित सामाजिक र सांस्कृतिक पक्ष

मानिस सामाजिक प्राणी हो । उसले एक्लै जीवन यापन गर्न सक्दैन । त्यसैले मानिस परिवारमा बस्दछ । व्यक्ति-व्यक्ति मिलेर परिवार बन्दछ भने परिवार-परिवार मिलेर समाज बन्दछ । त्यसैले राम्रो समाजको कल्पना राम्रो परिवारबाट मात्र गर्न सकिन्छ । मानिसले भाषा, संस्कृति, चालचलन आफ्ना परिवारबाटै सिक्दै जाने हुनाले केटाकेटी अवस्थादेखि नै उनीहरूलाई राम्रो बाँनी व्यहोरा सिकाउँदै लैजानु पर्दछ भन्ने मान्यता कपिलवस्तुका मानिसहरूमा छ । ती कुराहरू यहाँ प्रचलित उखानहरूले अभिव्यक्त गर्दछन् जस्तै :- 'केटाकेटीको बानी कहीँ नजाने'/'नानीदेखिको बाँनी'/ कपिलवस्तुका उखानले सभ्य परिवारको निर्माण गरी जीवन सफल बनाउन आग्रह गर्दछन् 'भत्किएका घरको बिग्रेको चाला', 'भाइ फुटे गभार लुटे' भन्ने उखानहरूमा यस्तै भाव पाइन्छ ।

कपिलवस्तु जिल्लामा नारी र पुरुषको जीवनशैली/सम्बन्धलाई लिएर विभिन्न उखानहरू प्रयोग हुन्छन् । यहाँको समाजमा नारीलाई पुरुषको सरह स्थान दिइएको छैन । नारीहरूलाई केबल कसैकी छोरी, बुहारी, आमा, सासू आदिको रूपधारणा गरेर जीवन बिताउनु पर्ने बाध्यता हुन्छ । धर्म, संस्कृतिको आडमा नारीमाथि अनेक प्रकारका शोषणहरू हुने गर्दछन् । 'आइमाईको रुद्रघण्टी हुन्न' भनेर उनीहरूलाई पुरुष सरह बौद्धिक हुँदैनन् भन्ने आरोप लगाइएको हुन्छ । छोरीलाई हुर्कायो, बढायो तर ठूली भएपछि अर्कालाई दिनुपर्ने संस्कारले गर्दा उनीहरूलाई सानैदेखि हेला गर्न थालिन्छ । "छोरा पाए खसी, छोरी पाए फर्सी", "छोरी मरी ठूलो घर परी" आदि उखानहरूले यस्ता प्रचलनको झल्को दिन्छन् । छोरीलाई विवाह गरी घर पठाउने प्रचलन रहेकाले 'छोरी त दुई दिनको पाहुना' भनी माइतीले आसा गर्न छाड्छन् भने बुहारीहरूलाई पनि समाजले हेयको दृष्टिमा हेर्दछ । जतिसुकै शीलस्वभाव र असल चरित्रका भएपनि उनीहरूमाथि विभिन्न किसिमका लाञ्छनाहरू लगाइन्छ । "हेलाकी बुहारी पाहुनासित सुत्", "काम पाइनस बुहारी पाडाको पुठो कना" आदि जस्ता उखानले नारीमाथिको अन्यायलाई यथार्थ चित्रण गर्दछन् । कपिलवस्तुको समाजमा आमाप्रति भने ठूलो सम्मान र आदर गरिन्छ । 'आफ्नी आमाले पिटेको र अरूले चाटेको', 'पिटे पनि आमै

जाती पोले पनि घामै जाती', 'तेरी आमा नाँचेको र मेरी आमा उभिएको' आदि जस्ता उखानले आमाको महिमा बढाएका छन् । छोराछोरीले आफ्ना आमाबाबुलाई सम्मान गर्नुपर्छ भन्ने यहाँको मान्यतालाई 'अरूले अरूलाई खिजाउँछ (गिज्याउँछ) लाटालाटीले बाबुआमालाई खिजाउँछन्' भन्ने उखानले आमाबाबुलाई खिजाउने मान्छे लाटो हो भनेर सचेत बनाएको छ ।

कपिलवस्तुमा नारीको तुलनामा पुरुषको स्थान बढी प्रतिष्ठित छ । नारीहरूलाई एकभन्दा बढी विवाह गरेको गलत ठहऱ्याइन्छ, "बेश्याको घर र भर हुँदैन" भनिन्छ । तर पुरुषलाई भने बहुविवाहको आरोप त्यति धेरै लाग्दैन । "मर्दका दशवटी हुन्छन्" भन्दै जसले बढी स्वास्नी ल्याउन सक्छ त्यही पुरुष नै मर्द ठानिने परम्परा पनि छ । यतिमात्र नभएर नारीले पहिलेको लोग्नेलाई छोडेर हिँडी भने 'तीनठाउँ भएपछि घिन्ताउँ भइन्छ' भन्दै एउटाभन्दा बढी लोग्नेसँग हिड्ने अलच्छिनी हो भनिन्छ तर पुरुषले सजिलैसँग श्रीमती फेर्न सक्ने हुँदा "काला गए गोरा आउँछन्", "खुट्टा भए जुत्ता कति" भनी हौसला दिइन्छ । आजभोलि भने यस्तो धारणामा केही परिवर्तन आउन थालेको छ । 'दुईटी स्वास्नीको पोइ, कुना बसी रोई', 'जहाँ स्त्री त्यहाँ श्री' भन्ने जस्ता उखानले समाजमा महिलाको स्थान पहिले जस्तो छैन भन्ने बुझाउँछन् ।

कपिलवस्तुको सामाजिक समस्याभित्र बूढाबूढी र युवायुवतीको असमझदारीलाई पनि लिन सकिन्छ । आमाबाबुहरूले आफ्ना छोराछोरीलाई खाई-नखाई हुर्काउने बढाउने गर्दछन् । तर बुढेसकालमा पनि उनीहरूको दुःख जस्ताको तस्तै रहन्छ । यस्तै अवस्थालाई लिएर "बाह्र छोरा तेह्र नाति बूढाको धोक्रो काँध माथि", "छोरा पायो बुहारीलाई छोरी पायो ज्वाइँलाई" आदि उखानहरू प्रचलित छन् । कतिपय छोराछोरीहरूले आफ्ना आमाबाबुलाई त्रसित जीवन बिताउन बाध्य पार्छन् भन्ने कुरा "सानो छउन्जेल मर्ला भन्ने डर, ठूलो भएसी (भएपछि) मार्ला भन्ने डर", "बूढो र मूढो एकै", "बाउ आमाको मायाँ छोराछोरीमाथि, छोराछोरीको माया ढुङ्गा मुढामाथि" आदि उखानहरूमा प्रकट हुन्छ ।

कपिलवस्तुमा सामाजिक/सांस्कृतिक विविधता पाइन्छ । यहाँ विभिन्न खालका संस्कार र धारणाहरू विद्यमान छन् । यस्ता चाचलचलन रीतिरिवाज वा जीवनका

क्रियाकलापहरूलाई उखानले व्यक्त गरेका छन् । सधै चोखो भएर बस्ने बाहुनले रक्सी खाँदा "हुँदा बाहुन रक्सीले डाउन" भनेर घृणा गरिन्छ । समाजमा चल्दै आएका धार्मिक मूल्यमान्यतामा अडिग रहन यहाँका उखानहरूले प्रेरित गर्दछन् । "गाई र बाहुन सधैं चोखो", "देउता न पित्र मुखभित्र", "देउता पुज्ने नर्ग पर्दैन, कोदालो खन्ने भोकले मर्दैन" जस्ता उखानमा धार्मिक संस्कार व्यक्त भएको पाइन्छ । अतिथिलाई सत्कार गर्नु यहाँका मानिसको अर्को धर्म हो । उनीहरूले "अतिथि देवो भव", "साँझका पाहुना देउता बराबर" भन्ने धारणा राख्दछन् । तर पाहुनाको धेरै दिनसम्मको बसाइँलाई भने राम्रो मानिँदैन "एक दिनको पाहुना मीठो मीठो खा, दुई दिनको पाहुना जसोतसो खा, तीनदिनको पाहुना जतासुकै जा" भन्ने गरिन्छ ।

कपिलवस्तुको सामाजिक संस्कारभित्र छिमेकीसँगको ऐंचोपैंचो, लेनदेन तथा सहयोग पनि पर्दछ । "आमाछोरीको ऐंचोपैंचो, बाउ छोराको लेनदेन" भन्ने यहाँको प्रचलन रहेको छ । आफ्नो छिमेकमा खराव मानिस नै बसेपनि आपत्-विपत्मा उसलाई सहयोग गर्नुपर्छ । आफ्नो कुभलो गर्ने मानिसलाई पनि आफूले गुन लगाएर देखाउन सक्नुपर्दछ । त्यसैले "जिउँदाको जन्ती, मर्दाको मलामी", "बैगुनीलाई गुनले मार्नुपर्छ", "आफूले पहिला गरेपछि अरूले गर्न कर लाग्छ" जस्ता उखानहरू यहाँ खुव प्रचलित छन् ।

कपिलवस्तुमा चाडपर्वहरू निकै हर्षोल्लासका साथ मनाउने गरिन्छ । "तीजका कुरा गरे पनि खाए झैँ हुन्छ", "तिहारका कुरा गर बूढी खाए झैँ हुन्छ" आदि उखानमा चाडपर्व प्रतिको उत्साह देखिन्छ । तर आर्थिक अवस्था कमजोर भएकाहरू खर्च गर्न नसक्दा "आयो दशैं ढोल बनाई गयो दशैं ऋण बोकाई", "कसैका दशैं आए, कसैलाई दशा लागे" जस्ता उखानहरू व्यक्त गर्दछन् ।

यसरी कपिलवस्तु जिल्लाभित्र प्रचलित उखानहरू यहाँको सामाजिक/सांस्कृतिक पक्षका विभिन्न कुराहहरूलाई चित्रण गर्न सफल देखिन्छन् ।

## ४.३.२ कपिलवस्तुका उखानहरूमा कृषि-व्यवसाय र आर्थिक पक्ष

कपिलवस्तु जिल्ला कृषि उत्पादनका हिसावले अगाडि छ । यहाँका धेरैजसो

मानिसहरू कृषि पेसामा आबद्ध छन् । यहाँका कृषकहरूले खेती गर्ने तरिका र साधनहरूलाई आफ्नो कुराकानी/गफगाफमा पटक-पटक उदाहरण बनाएर ल्याउने गर्दछन् । "पढ्ले लेखले कौन काम, हलो जोते मामै माम" (पढ्ने लेख्ने गरेर के काम, हलो जोते मामै माम) भन्ने कतिपय यहाँका कृषकहरू आफ्ना छोराछोरीलाई पढाउने लेखाउनेभन्दा कृषि-पेसामा लाग्न प्रेरित गर्दछन् । कृषकहरूले खेती लगाउने समयलाई विशेष ख्याल गर्दछन् । "असारमा रोपे पो मंसिरमा फल्छ", "भदौका साता मुलाका बाता", "आँठो पच्छाएको खेती राम्रो हुन्न" आदि उखानले खेतीपाती समयमै लगाउने सन्देश दिन्छन् । खेती लगाउने बेला अल्छी गर्ने तथा ठग्ने मानिसलाई झँटारो हान्ने उखानहरू पनि छन् । "स्वादे जिब्रो अल्छी तिघ्रो", "गर्ने बेलामा हातखुट्टा लुला, खाने बेलामा ठूल्ठूला डल्ला", "जाँगर न साँगर खाने बेलामा आँ गर" आदि उखानले पौरख गर्नुपर्ने सन्देश दिन्छन् । खेती लगाउँदा धेरै बाक्लो लगाउनु हुँदैन "बाक्लो र बाँझो एकै हो" भन्ने घतलाग्दा तरिकाहरू पनि उखानले नै बोलेका छन् ।

यहाँको कृषि-पेसासँग सम्बन्धित अर्को व्यवसाय पशुपालन हो । कपिलवस्तुका कृषकहरूले प्रायः मल उत्पादन गर्न २/४ वटा पशु पालेकै हुन्छन् । कृषकहरूले जति खेतीलाई महत्त्व दिन्छन् त्यति नै पशुपालनलाई ख्याल गर्दछन् । "जहाँ गोबर उहीँ दोब्बर" भनेझैँ जति मल राख्न सक्यो उति उत्पादन बढ्दै जान्छ । पशुबाट राम्रो आम्दानी भएमा आफूलाई भाग्यमानी ठान्ने हुँदा "भाग्यमानीका भैंसी बर्षौदे, अभागीका स्वास्नी बर्षौदे" भन्ने गरिन्छ । गाईवस्तुले फाइदा दिन्छन् त्यसैले उनीहरूका स्वभावलाई आफूले पनि सहीदिनु पर्दछ भन्ने आशय "दूध खाने गाईको लात पनि सहनु पर्छ" जस्ता उखानमा व्यक्त हुन्छ । समयमा ख्याल नगरी खेती गर्दा "टुहुरीको खेती फट्याङ्ग्राले भेटी" हुन्छ त्यसैले खेती गर्ने समयको विशेष ख्याल गर्ने प्रवृत्ति उखानमा पाइन्छ । गाईको दूध पोखिँदा "गाईका थन न बाछाका मुख" भनेर उनीहरू पश्चाताप गर्दछन् । तर उनीहरूलाई पशुले धेरै खाएको अघाएको भने आनन्द लाग्दछ । त्यसैले "घोडाले खाएको र छोराले खाएको खेर जान्न" भनी उखानमा व्यक्त गरिन्छ ।

कृषि तथा पशुपालनलाई जतिसुकै महत्त्व दिएपनि यहाँका कृषकहरूको आर्थिक अवस्थाको भने कमजोर नै छ । एकातिर जनसंख्याको बृद्धि हुँदै जाने अर्कोतिर

खेतीयोग्य जमिनको अभाव कायमै रहनुले समस्या जस्ताको तस्तै छ । यहाँका किसानहरू अन्य पेसामा लाग्ने इच्छा भएर पनि “विनाधन केही नभन” भनी आफ्नो पुरानै पेसामा लाग्दछन् । “होला कि ले छाडेन हुने कैले होइन” भन्ने उखानले यहाँका गरीव किसानको आर्थिक स्थिति सुधार गर्ने इच्छालाई जनाउँछ । यहाँका सबै व्यक्तिहरू गरीव भने अवश्य छैनन् । “सुकुम्वासीदेखि हुकुमवासीसम्म बस्ने ठाउँ” भनेर चिनने कपिलवस्तुमा “दूध निल्नु, भात थुक्नु” सम्मको व्यवस्था मिलाएका धनाढ्यहरू पनि छन् । “घाँटी हेरी हाड निल्नु” भनेझैँ आफ्नो आर्थिक हैसियतलाई बुझेर गरीवहरू “धन भनेको हातको मयल हो” भनी चित्त बुझाउँछन् । गरीवको घरमा “ताई न तेल पका बूढी सेल” भन्ने उखानले मेल खान्छ अनि “भोक मीठो कि भोजन मिठो” भन्दै उनीहरू रुखो-सुखो खानामै चित्त बुझाउँछन् । दशैं, तिहारजस्ता चाडपर्वहरूमा आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरू मन खुलाएर रमाउन पाउँदैनन् । “धनीलाई सधैं दशैं, गरीवलाई कसैकसै” भन्ने उखानले सो आर्थिक असमानतालाई चिनाउँछ । कपिलवस्तुमा कथित दलित जातका व्यक्तिहरूको अन्य जातका व्यक्ति सरह आर्थिक हैसियत छैन । त्यसैले “दमाईले माग्न जान्दैन पिलाले हुन जान्दैन” भन्ने जस्ता आक्षेप लगाइन्छ । कृषि तथा पशुपालन जस्ता पेसालाई त्यागेका केही कपिलवस्तुबासीले बाँनियाँको पेसा अँगालेको पाइन्छ । “टमारको टोकरी, बानियाँको नोकरी, माडवारीको छोरी” जस्ता उखानले यहाँका साना व्यापारीको दूर्दशा देखाउँछन् ।

निचोडमा भन्नुपर्दा कपिलवस्तु आर्थिक हिसावले पिछडिएको जिल्ला हो । परम्परागत रूपमा कृषि, पशुपालन व्यवसाय चलाउँदै आएका व्यक्तिहरूको आर्थिक सुधार नहुनाले धेरैले अन्य पेसामा आबद्ध हुन चाहन्छन् । अन्य पेसाबाट आर्थिक स्थिति सुधार्न खोजेपनि थोरै आम्दानी धेरै खर्च हुने भएकाले “दुई पैसाको आम्दानी छैन चार पैसाको खती” भने जस्तै भएका छन् ।

## ४.३.३ कपिलवस्तुका उखानमा लोकविश्वास र जीवन दर्शन

कुनै पनि समाजभित्र परम्परागत रूढी, मान्यता र विश्वास रहेका हुन्छन् । कपिलवस्तु जिल्लाका अधिकांश मानिसहरूमा परम्पराप्रति ठूलो विश्वास रहँदै आएको

छ । यहाँ अशिक्षित र अर्धशिक्षित मानिसहरू धेरै भएकाले भाग्य र कर्मलाई नै आफ्नो जीवनको मुख्य आधार मान्दछन् । "आफूले बल गरेर मात्र हुँदैन । "ईश्वरले चाहे जे पनि हुन्छ" भनी सबै राम्रो कामको जस ईश्वरलाई दिन खोजिन्छ । समाजमा हुने अन्याय, अत्याचार, थिचोमिचोलाई पनि "छ्यान-विछ्यान भगवान्ले गर्छन्" भनी सहने गर्दछन् । "सहनेको सहकाल" भन्ने मान्यता राखेर धैर्यता देखाउनेहरू अनावश्यक अरूको हताहतमा पनि पर्दछन् । "सोझाको सत्यनाश" जस्ता उखानले यस प्रवृत्तिलाई प्रष्ट पार्दछन् । भाग्य भएको मानिसले दुःख गर्नु पर्दैन भन्ने कुरा "भाग्यमानीको भूतै कमारो", "भाग्य हुनेलाई धुरीबाट ग्वार्र" जस्ता उखानमा भेटिन्छन् । मानिस आफूले चाहेर कोही पनि गरीव हुँदैन तर आफ्नो दशाग्रह/भाग्य नराम्रो भएपछि कुनै प्रगति गर्न सक्दैन भन्ने विश्वास "दशा लागेको बेला दशथोक हुन्छ", "जाने बेलामा लात्ती लाउन पर्दैन, आउने बेलामा रसी लाएर तान्नु पर्दैन", "हुने हार दैव नटार" आदि उखानमा व्यक्त भएको पाइन्छ ।

कपिलवस्तुका जनताहरूमा अन्धविश्वास पनि देखिन्छ । "जो होचो उसैका मुखमा घोचो" भनेझैं समाजका दुःखी विधवाहरू प्रति अपमान् गरिन्छ । विधवा नारीले दिएका गाली-सराप लाग्दछन्, उसको बचन रुखो हुन्छ भन्ने कुरा "राँडीलाई ढोग्यो म जस्तै भएस्", "राँडीका मुखको गाली, बादलका मुखको घाम" जस्ता उखानमा प्रस्तुत भएको छ । कपिलवस्तु जिल्लामा केही साम्प्रायिक भावनासमेत रहेको कुरा यहाँका उखानमा भेटिन्छ । यहाँका पहाडी मूलका व्यक्तिहरूले थारूहरूलाई आरोप लगाउने हेप्ने गर्दछन् । "जहाँ दारु उहीँ थारू", "थारू र राँगा पिटेर तह लाग्छन्" जस्ता उखानले सोझा थारू जातिमाथि गरिएको अन्धविश्वासलाई जनाउँछ । यसैगरी पहाडमा अनेक किसिमका आरोप लागेर तराई झरेकाहरू आफै ठालू, पल्टिने प्रवृत्तिलाई लिएर "पहाडको वाफति, मधेसको सभापति" जस्ता उखानद्वारा व्यङ्ग्य प्रहार पनि गरिन्छ । विभिन्न जातजाति र थरहरूमा रहेका लोकविश्वासलाई पनि यहाँका उखानमा प्रस्तुत गरिएको हुन्छ । "निखेका पाँडेको ओखर जति पाप", "ताकपरे तिवारी नत्र गोतामे", "ढुकुरको छोरो र भुसालको छोरो आफ्नो हुन्न", "मगरलाई वन नदिनु, क्षेत्रीलाई धन नदिनु, स्वास्नीलाई मन नदिनु" आदि उखानमा जातजाति तथा थरहरूमा रहेका

अन्धविश्वास देखिन्छन् । पशुपंक्षीका व्यवहारबाट पनि यहाँका जनताहरूले अनेक किसिमका शंका र विश्वास लिने गर्दछन् । "बाँदरले आफ्नो घर पनि बनाउन्न अरूको पनि बन्न दिन्न", "कुकुरलाई घिउ पच्दैन", "कुकुर रोए अलच्छिन हुन्छ" आदि उखानहरूमा यस किसिमको धारणा भेटिन्छ ।

हिन्दू धर्मावलम्बीहरूको बाहुल्यता रहेको कपिलवस्तुका उखानमा धार्मिक विश्वास प्रशस्त भेटिन्छन् । "सत्तका बल सम्पत्ति, धर्मका बल पुत्र", "पाप थुरीबाट कुर्लिन्छ" जस्ता  उखानले असत्य आफै देखिने हुँदा सत्यको विजय सुनिश्चित छ भन्ने विश्वास दिलाउँछन् । यसैगरी कुन दिन कुन दिशातिर यात्रा गर्नु राम्रो हुन्छ र कतातिरको यात्रा असफल हुन्छ भन्ने ज्योतिषशास्त्र सम्बन्धी कुराहरू पनि उखानमा संकेत गरिएको हुन्छ । "शनिको छुट्टि मङ्गलको भेट, कि दुख्छ टाउको, कि दुख्छ पेट", "आइतशुक्र पश्चिम रुन्दा" आदि उखानमा उचितबार पारेर मात्र यात्रा गर्नुपर्ने सल्लाह दिइएको छ ।

उल्लेखित विश्लेषणका आधारमा आफ्नै धर्म, परम्परा र विश्वासमा रहेका कपिलवस्तुवासी जनताले गर्ने क्रियाकलापको झल्को यहाँ प्रचलित उखानहरूले दिने गर्दछन् । ती उखानहरू मध्ये कुनै अस्वभाविक जस्ता लागे पनि यिनले समाजको ऐना मात्र देखाउने हुँदा उखानको मर्म बुझी समाज सुधार गर्नु आवश्यक देखिन्छ । मुख्यतः कपिलवस्तुको सामाजिक-सांस्कृतिक, आर्थिक तथा लोक विश्वास सम्बन्धी विविध धारणाको अभिव्यक्ति यहाँका उखानहरूबाट हुने गर्दछ ।

## ४.४ निष्कर्ष

लोकसाहित्यको एक महत्त्वपूर्ण विधा "उखान" कुनै समुदाय वा निश्चित ठाउँको पेवा होइन, सबैको साझा सम्पत्ति हो । यद्यपि उखानको प्रयोग गर्ने तरिका, स्थानीय कथ्य भाषाको रूप, उखानमा प्रयुक्त ठाउँहरू र विषयवस्तुको समावेश आदिको आधारमा कपिलवस्तुमा बढी प्रचलित उखानहरूलाई "कपिलवस्तु जिल्लामा प्रचलित नेपाली उखान" भनिएको छ । यस क्षेत्रमा प्रचलित उखानहरू विभिन्न रूपका र विविध विषयहरूसँग सम्बन्धित छन् । स्थानीय सामाजिक परिवेश अनुकूलका यी उखानहरूले

विभिन्न किसिमका ज्ञान दिन्छन् । सरलता, संक्षिप्तता, सारगर्भितता, स्वतःस्फूर्तता, स्थानीयता जस्ता विशेषताहरूले गर्दा यहाँका उखानहरू निकै लोकप्रिय भएका छन् र जीवन्तता पाएका छन् । कपिलवस्तुको जुनसुकै ठाउँमा बस्ने नेपालीभाषीले रुचिका साथ यस्ता उखानको सहज र स्वभाविक रूपमा प्रयोग गर्दछन् ।

कपिलवस्तु जिल्लाको सेरोफेरोमा प्रचलित यी उखानहरूले यहाँको जनजीवनलाई रसमय बनाएका छन् । यहाँका दोभाषेहरूलाई नेपाली भाषाप्रति आकर्षित गरेका छन् साथै सिङ्गो नेपाली लोकसाहित्यलाई नै जीवन्त बनाउन ठूलो सहयोग पुऱ्याएका छन् ।

# पञ्चम परिच्छेद

# उपसंहार तथा निष्कर्ष

## ५.१ उपसंहार

नेपालको पश्चिमाञ्चल विकासक्षेत्र अन्तर्गत पर्ने लुम्बिनी अञ्चलको एक तराई जिल्ला कपिलवस्तु हो । 'कपिल महर्षि'को तपोभूमि, भगवान् गौतम बुद्धको बासस्थान कपिलवस्तु धार्मिक र सांस्कृतिक हिसावले उल्लेखनीय छ । तराईका समथर विशाल फाँटहरूमा अनेकौं नदीनाला र तालतलैयाहरू हुनाले यहाँको प्राकृतिक सौन्दर्यता मनै लोभ्याउने खालको छ । कपिलवस्तुमा एकमात्र नगरपालिका र सतहत्तर गा.वि.स. हरू छन् । चार निर्वाचन क्षेत्रमा विभाजित यस जिल्लामा पन्ध्रवटा इलाकाहरू कायम गरिएको छ । विभिन्न जातजातिहरूको बसोबास रहेको हुँदा यहाँ सांस्कृतिक विविधता पाइन्छ । कपिलवस्तुमा हिन्दू, मुस्लिम, वौद्ध, शिख, इसाई धर्मावलम्बीहरू छन् तापनि 'देश गुनाका भेष' भनेझैं जिल्लाभित्रका सांस्कृतिक चालचलनको अनुकरण सबैले गर्दछन् । नेपाली, थारू, अबधी, हिन्दी, नेवार, मगर, भोजपुरी आदि भाषाको प्रयोग हुने हुँदा 'भाषाको देशमा लवजको अभाव' जस्ता उखान प्रचलित छन् । यहाँ हिन्दू, वौद्ध, मुस्लिम, शिख, इसाई धर्मसँग सम्बन्धित चाडपर्व र उत्सवहरू मनाइन्छन् । तिलौराकोट, निग्लिहवा जस्ता पुरातात्विक स्थलहरूले कपिलवस्तुलाई देशभित्र मात्र नभएर विश्वमै चिनाएका छन् ।

कपिलवस्तुबासीको मुख्य पेसा कृषि हो तापनि अन्यमा पशुपालन, व्यापार, नोकरी आदि पर्दछन् । "खाए भात नखाए लात" भनिने कपिलवस्तुमा मुख्य कृषि उत्पादन धान हो भने अन्य गहुँ, मकै, तेलहन वस्तु, दाल साथै उखु आदिको खेती पनि गरिन्छ । 'ताजमहलको उपहार दिए पनि छाप्रो हाली व्यापार गर्ने' तौलीहवाबासीहरू र जीतपुर, जयनगर, चन्द्रौटा, कृष्णनगर आदि स्थानका केही व्यक्तिहरूले व्यापारलाई मुख्य पेसा अपनाएका छन् । 'पढलो लेखलो कौन काम, हलो जोते मामै माम' भन्ने अधिकांश कपिलवस्तुबासीको आर्थिक र शैक्षिक अवस्था कमजोर नै छ तापनि विद्यालय

र क्याम्पसको पहुँच पुग्न सकेका ठाउँहरूमा शैक्षिक सुधार हुँदै आएको छ । 'हुकुम्वासीदेखि सुकुम्बासी बस्ने ठाउँ' भनेर चिनिने यस जिल्लमा भूमिहिन सुकुम्बासीदेखि महलबासी जमिनदारहरू समेत छन् । 'जो गरिव उही हरिप' भनेर उनीहरूप्रति भेदभाव गर्ने प्रचलन कायमै छ । आर्थिक हिसावले पिछडिएका मानिसहरूमा पनि श्रमप्रतिको सकारात्मक सोच रहेको पाइन्छ । 'बसेको बियाँलो मसुराको कोसो', 'जाँगरिका भागमा माछा र मासु, अल्छीका गालामा आँसु', 'गर्ने खाने मर्ने जाने' जस्ता उखानहरूमा काम गर्न पछि पर्नु हुँदैन भन्ने सन्देश पाइन्छ । सामाजिक विविधता रहेको कपिलवस्तुमा अनेकथरी लोकसाहित्यिक विधाहरू रहेका छन् ।

'आगो ताप्नु मुढाको कुरा सुन्नु बूढाको' भनेझैं समाजका पाका (प्रौढ) व्यक्तिहरू इतिहासका साक्षी हुन्, जसले दिएको अनुभव नयाँ पुस्ताका लागि मार्गदर्शक हुन्छ । त्यसैले लोकसाहित्यका माध्यमबाट यस्ता अनुभवहरू खोज्दै जानुपर्दछ । कपिलवस्तु जिल्लाका विभिन्न पक्षहरूलाई चिनाउन सक्ने 'आँ गर्दा अलङ्कार बुझाउने' लोकसाहित्यको महत्त्वपूर्ण विधा उखान हो । यहाँका हरेक पक्षसँग उखानको साइनो गाँसिएको छ । कपिलवस्तुका सामाजिक/सांस्कृतिक परिवेश, ऐतिहासिक घटना विशेष र विशिष्ट किसिमका उक्तिहरूबाट उखानहरू निर्माण हुँदैआएका हुन् । उखानले लोकसाहित्यका अन्य विधाहरूसँग केही समानता राख्दछ तापनि संक्षिप्तता, सारगर्भितता, सरलता, स्वतः स्फूर्तता आदि जस्ता खास विशेषताहरूले गर्दा यसले छुट्टै विधिका रूपमा मान्यता प्राप्त गरेको छ ।

कपिलवस्तुमा प्रचलित उखानलाई रूपात्मक र विषयात्मक ढङ्गले वर्गीकरण गरी हेर्नु उपयुक्त हुन्छ । रूपात्मक आधारमा शब्दशक्तिमूलक दृष्टि र संरचनात्मक दृष्टिले उखानको वर्गीकरण गरिए अनुसार सोझोअर्थ बुझाउने 'अञ्जान बालक देउता बराबर' जस्ता उखानदेखि 'अर्काको नासो गलाको पासो' जस्ता लक्ष्यार्थ र व्यञ्जनार्थ उखानहरू प्रचलित छन् । आकारगत हिसावले 'पुस फास फुस' जस्ता संक्षिप्तदेखि मझौला र वृहत् आकारका उखानहरू पनि छन् । कपिलवस्तु जिल्लाको विभिन्न विषयक्षेत्रसँग सम्बन्ध राख्ने उखानहरूले यहाँका सम्पूर्ण गतिविधिको प्रतिनिधित्व गर्दछन् । "माटो खने पैसा भेटिन्छ" भन्ने विश्वास लिएका किसानहरूले खनजोत गर्ने

तरिका, उत्पादन बढाउन मल राख्नुपर्ने यथार्थता आदिलाई 'जहाँ गोबर त्यहाँ दोब्बर' जस्ता उखानहरूमा छर्लङ्ग पार्दछन् । कृषि तथा पशुपालन व्यवसाय मात्र नभएर अन्य जुनसुकै ठाउँमा घतलाग्ने जीवनउपयोगी नीति-शिक्षाप्रधान उखानहरू समेत यहाँको दैनिक जीवनमा प्रयुक्त छन् । 'सुखमा नमात्तिनु दुःखमा नआत्तिनु' जस्ता अर्ती-उपदेशात्मक उखानहरू आदर्श गोरेटो नै हुन् । भाग्य र ईश्वरमाथि विश्वास गर्ने कपिलवस्तुबासीमा 'हुने हार दैव नटार' जस्ता लोकविश्वास रहेका छन् । यहाँ विभिन्न धर्म, भाषा, जातजाति, वर्ग, सम्प्रदाय आदिको बसोबास भएकाले साम्प्रदायिक भावना उब्जाउने र जातजातिका दुर्गुणहरू एकले अर्कोमाथि बखान्ने खराब प्रवृत्तिहरू पनि अझसम्म कायमै छन् भन्ने कुरा निम्न उखानहरूले स्पष्ट पार्दछन्: 'बाहुनको चित्त माखामो पित्त', 'मगर लेंडो पुच्छर ठाडो', 'नेवार ईष्ट र बाउ दुष्ट कहिल्यै हुन्न', 'पिलाले हुन जान्दैन दमाईले माग्न जान्दैन', 'जहाँ दारु उही थारू', 'निखेका पाँडेको ओखरजति पाप' आदि यस्ता साम्प्रदायिक भावनालाई प्रोत्साहित गर्ने र अश्लील ठानिने केही उखानहरूले मानवतावादी विचार र भावनामा खलल पुऱ्याई दीर्घकालीन रूपमा नराम्रो असर पार्न सक्ने हुँदा यिनको प्रयोगमा सचेतता अपनाउनु पर्दछ । यद्यपि उखान समाजका द्रष्टा भएकाले तिनले संकेत गरेको आधारमा समाजका रुढी, अन्धविश्वास, साम्प्रदायिकता जस्ता खराब प्रवृत्तिहरूलाई सुधार गर्दै लैजानु बुद्धिमानी हुन्छ । प्रकृति जगत्सँग सम्बन्धित 'उर्लेको खहरे कति टिक्छ र ?', 'पहाड वर्षियो मधेस सर्सियो' जस्ता उखानहरू र 'पत्थरकोटमा नून, बटौलीमा सुन', 'पहाडे आए मधिसे भगाए' जस्ता भौगोलिक स्थानसँग सम्बन्धित उखानले यहाँको आञ्चलिका दर्साउँछन् । यी बाहेक कतिपय हाँस्यव्यङ्ग्यात्मक, ऐतिहासिक र अनेक भाषामिश्रित उखानहरू पनि निकै प्रचलित छन् ।

नेपाली लोकसाहित्यका अमूल्य रत्न मानिने उखानहरू हाम्रो संस्कृति र परम्पराका द्रष्टा हुन् । उखानमा हाम्रो मौलिकपन झल्किन्छ । कपिलवस्तुको सांस्कृतिक, सामाजिक र भौगोलिक यथार्थतालाई प्रतिनिधित्व गर्ने यी उखानहरूले ग्रामीण नेपाली जीवनका हर्ष, वेदना, विश्वास र कर्मपद्धतिलाई स्वीकार गरी लोकजीवनलाई रसमय तुल्याएका छन् ।

## ५.२ निष्कर्ष

लोकसाहित्यको धनी कपिलवस्तुमा प्रचलित उखानहरू स्थानीय बासिन्दाका ढुकढुकी हुन्, भावाभिव्यक्तिका साधन हुन् । यहाँका उखानहरूमा केही दुर्वलताहरू भएपनि ती नगण्य नै छन् र अधिकांश उखानहरू यथार्थ, नैतिकशिक्षा दिने, जीवनोपयोगी छन् । यस्ता उखानहरूले मानिसलाई आदर्श कुराहरू सिकाई सभ्यसमाजको निर्माण गर्न, प्रेरणा दिन्छन् । कपिलवस्तुमा प्रचलित उखानहरूले यहाँका नेपाली मातृभाषाहुनेलाई मात्र नभएर अन्य भाषाका वक्ताहरूलाई समेत आकर्षित गरी नेपाली भाषा र साहित्यप्रति रुचि बढाएका छन् । अन्ततः यी उखानहरूले सिङ्गो नेपाली भाषा र साहित्यलाई नै आकर्षक, प्रभावकारी र गहकिलो बनाएका छन् ।

कपिलवस्तु जिल्लामा प्रचलित नेपाली उखानहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण गर्दा देखिएका केही सम्भावित शोधशीर्षकहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छः-

१) कपिलवस्तुमा प्रचलित टुक्काहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण ।

२) कपिलवस्तुका लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण ।

३) कपिलवस्तुमा प्रचलित गाउँखाने कथाको सङ्कलन, वर्गीकरण र विश्लेषण ।

४) कपिलवस्तुका थारू लोक-संस्कृतिको अध्ययन ।

५) कपिलवस्तुको नेपाली भाषामा थारू, अबधी, हिन्दी भाषाले पारेको प्रभाव ।